लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत

Naya Bimarsha Weekly

वर्ष १९, अंक ४१, २०८३ जेठ ८ गते शुक्रबार (May 22, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।- ) website: www.nayabimarsha.com

## रास्वपा सांसद गुरुङ र कार्की आलोचित



काठमाडौं/ २०८२ फागुन २१ गतेको आम निर्वाचनमा झण्डै (दुई सिट कम) दुई तिहाई बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु विभिन्न काण्डमा आलोचित बनेका छन्। पार्टी सभापति रवि लामिछानेमाथि लागेको सहकारी काण्डको छानविन अझै टुंगो लाग्न सकेको छैन। गत निर्वाचनमा विभिन्न काण्डजस्तै ऐलानी जग्गा र सार्वजनिक जग्गा मिचेर र विवादास्पद अभिव्यक्ति दिएका व्यक्तिहरु जितेर सांसद बनेपछि अहिले धमाधम पोलहरु खुल्न थालेका छन्। ती सांसदहरुमध्ये सबैभन्दा विवादित र चर्चाको शिखरमा गोर्खाबाट निर्वाचित रास्वपा सांसद एवं पूर्वगृहमन्त्री सुधन गुरुङ

बाँकी ७ पृष्ठमा

# पुराना दलहरु कचिंगलमा

## एमालेमा भण्डारी

## कांग्रेसमा किचलो



भक्तपुर/ नेपालका दुई ठूला पुराना राजनीतिक दलहरु नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) यतिबेला गम्भीर आन्तरिक द्वन्द्व, शक्ति संघर्ष र नेतृत्वको असमञ्जसमा फसेका छन्। दशकौँसम्म नेपाली राजनीतिमा निर्णायक प्रभाव राख्दै आएका यी दलहरू अहिले भने नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र संगठनात्मक नियन्त्रणको प्रश्नमा कचिंगलमा परेका देखिन्छन्।

एमालेभित्र अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको विकल्प खोज्ने बहस तीव्र बन्दै गएको छ । यसैगरी कांग्रेसमा सभापति गगन थापा नेतृत्वको पक्ष र पुराना शक्तिकेन्द्रबीच दूरी बढ्दै गएको विश्लेषण भइरहेको छ। राजनीतिक वृत्तमा अहिले यी दुवै दलको आन्तरिक संघर्षले आगामी राजनीतिक समीकरण र राष्ट्रिय राजनीतिमै प्रभाव पार्ने चर्चा हुन थालेको छ।

एमालेभित्र पछिल्लो समय दोस्रो पुस्ताका नेताहरू सक्रिय रूपमा नेतृत्व परिवर्तनको बहसमा उत्रिएको देखिन्छ। उपाध्यक्षहरू विष्णुप्रसाद पौडेल, शंकर पोखरेल तथा नेता योगेश भट्टराई लगायतका नेताहरू ओलीपछिको नेतृत्वका सम्भावित दाबेदारका रूपमा हेरिन थालिएका छन्। सार्वजनिक रूपमा उनीहरूले प्रत्यक्ष विद्रोह नगरे पनि पार्टीभित्र ओलीको निरन्तर नेतृत्वप्रति असन्तुष्टि बढेको चर्चा एमाले वृत्तमै सुनिन थालेको छ।

यसबीच उपाध्यक्ष रामबहादुर थापा भने खुला रूपमा ओलीको पक्षमा देखिएका छन्। तात्कालीन माओवादी पृष्ठभूमिबाट एमालेमा रहेका थापालाई पार्टीभित्रका केही पुराना एमाले नेताहरूले सहज रूपमा स्वीकार नगरेको टिप्पणी पनि हुने गरेको छ। एमालेकै एक स्थायी कमिटी सदस्यलाई उद्धृत गर्दै एक राजनीतिक विश्लेषक भन्छन्, "ओलीको वरिपरि अहिले भरोसायोग्य नेताको दायरा साँघुरिँदै गएको छ। त्यसैले उनी आफूअनुकूल शक्ति सन्तुलन खोजिरहेका छन्।"

यही सन्दर्भमा पछिल्लो समय पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रिय राजनीतिक पुनरागमनको चर्चा झन् चुलिएको छ। भण्डारी एमाले राजनीतिमा पुनः सक्रिय हुन चाहिरहेको चर्चा नयाँ होइन। यसअघि पनि उनी नेतृत्व तहमा आउने चाहना राखेको चर्चा थियो। उनको पार्टी सदस्यता नवीकरणको विषयलाई लिएर समेत एमालेभित्र मतभेद देखिएको थियो।

राजनीतिक वृत्तमा ओली भण्डारीलाई पार्टी राजनीतिमा सहज रूपमा भित्र्याउने पक्षमा नरहेको विश्लेषण गरिन्थ्यो। पछिल्ला घटनाक्रमले भने परिस्थिति बदलिँदै गएको संकेत गरेको कतिपयको बुझाइ छ। जेठ ३ गते मदन भण्डारी स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा विद्या भण्डारीलाई प्रमुख अतिथि बनाइनुलाई पनि धेरैले सामान्य रूपमा लिएका छैनन्। एमालेभित्रै कतिपयले यसलाई ओलीको 'रणनीतिक संकेत' का रूपमा अर्थ्याएका छन्।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्य भन्छन्, "ओलीले आफू कमजोर बन्दै गएको महसुस गरेका छन्। यस्तो अवस्थामा नेतृत्व आफ्नो प्रत्यक्ष प्रतिस्पर्धी समूहलाई हस्तान्तरण गर्नुभन्दा विद्या भण्डारीजस्तो भावनात्मक र स्वीकार्य व्यक्तित्वलाई अगाडि सारेर शक्ति सन्तुलन कायम गर्ने रणनीति हुन सक्छ।"

एमालेभित्र अहिले देखिएको शक्ति संघर्ष केवल नेतृत्वको प्रतिस्पर्धा मात्र नभई 'ओलीपछिको एमाले कस्तो हुने ?' भन्ने प्रश्नसँग पनि जोडिएको विश्लेषण भइरहेको छ। एकातिर ओलीको भाग्य र संगठन नियन्त्रण छ भने अर्कोतर्फ नयाँ पुस्ताको

बाँकी ७ पृष्ठमा

## काँग्रेस भित्रको विमति के हो ?

ललितपुर/ नेपाली काँग्रेस यतिबेला शक्तिसंघर्षको विवादले चरम उत्कर्षमा पुगेको छ। गत २०८२ पुसको अन्तिम साता भएको विशेष महाधिवेशनबाट सभापति



बनेका गगन थापा नेतृत्वको केन्द्रीय समितिलाई पुरानो संस्थापन (हात संस्थापन इतर) पक्षले स्वीकार गर्न नसक्दा विवादले पार्टी नै विभाजनसम्म पुग्ने त होइन भन्ने चर्चा चल्न थालेको छ। आफ्नो पक्षलाई बलियो बनाउन र एकतामा जोड दिन भन्दै इतर समूहले काठमाडौंको अनामनगरमा सम्पर्क कार्यालय

बाँकी ७ पृष्ठमा

## कमजोर व्यवस्थापनले कमला सडकमा ढिलाई

काठमाडौं/ बेरुजुको दोश्रो अग्रस्थान ओगट्न सफल भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेतृत्व अहिले सुनिल लम्सालले गरेका छन्। पूर्वाधार निर्माणमा महत्वपूर्ण जिम्मेवारी बोकेको यो मन्त्रालय अहिले आइ.आर.एम.पी. कार्यक्रममा जुटेको छ। यसभन्दा अगाडि पोखरा, नेपालगञ्ज, विराटनगर र काठमाडौं गरी चार क्षेत्रका डिभिजन प्रमुख र योजना प्रमुखहरुले आआफ्नो क्षेत्रका सडक निर्माणको अवस्थाबारे आफ्नो धारणा सुनाएका थिए।

बुधबार प्रशिक्षण तालिम केन्द्रमा सबै योजना र डिभिजन एवं सरोकारवालासँग सडकको वर्तमान अवस्था र आगामी वर्षको कार्यक्रमबारे छलफल भएको जानकारी प्राप्त भएको छ। विगत वर्षहरुमा तारे होटल र रिसोर्टमा हुने गरेको उक्त कार्यक्रम सरकारी हलमा गरिनुलाई सुशासनको नौटंकी भनी चर्चा गरिएको छ। गत वर्ष रिसोर्टमा २५ सय, तीन हजार प्लेटको खाना, मासुका परिकार र उच्चस्तरको विदेशी रक्सी हुने गरेको भुक्तभोगीहरुले बताएका छन्।

सडक निर्माणमा भैरहेको र हुने गरेको ढिलाइबारे मन्त्री लम्सालले केलाउन नसक्दा यात्रुहरुले सास्ती खेप्न बाध्य भैरहेका छन्। यतिबेला बी.पी. राजमार्ग अन्तर्गतको चौकीडाँडा-बर्खेखोला खण्ड र मुग्लिङ मलेखु सडक निर्माण कार्यका कारण यात्रुहरु मर्कामा परेको बताइएको छ।

बाँकी ७ पृष्ठमा

## परम्परा भत्काउने नाममा संसदीय अभ्यासमाथि धावा

पिएमणि भट्टराई

ललितपुर/ प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार गठन भएपछि संघीय संसद्को गतिविधि र कार्यशैलीलाई लिएर नयाँ बहस शुरु भएको छ। सरकार गठनयता प्रधानमन्त्री स्वयंको संसद्मा न्यून उपस्थिति भएको, महत्वपूर्ण छलफलमा सहभागी नबनेको तथा संसदीय परम्परालाई बेवास्ता गरिएको भन्दै सत्ता पक्ष र विपक्ष दुवैतर्फबाट प्रश्न उठ्न थालेका छन्। पछिल्ला केही घटनाले सरकार र संसद्बीचको सम्बन्धलाई लिएर राजनीतिक वृत्तमा गम्भीर चिन्ता पैदा गरेको देखिन्छ।

विशेषतः आगामी आर्थिक वर्षको बजेट तयारीसँग सम्बन्धित छलफलका क्रममा अर्थमन्त्री स्वर्णिम वाग्ले समेत पर्याप्त रूपमा संसदीय बहसमा सहभागी नभएको भन्दै विपक्षी दलहरुले आपत्ति जनाएका छन्। बजेटजस्तो संवेदनशील विषयमा संसद्लाई विश्वासमा लिनुपर्ने संसदीय मान्यता विपरीत सरकार एकतर्फी शैलीमा अघि बढ्न खोजेको आरोप प्रतिपक्षी दलहरुको छ। विपक्षी सांसदहरुले संसद् केवल औपचारिकता पूरा गर्ने थलो मात्र बन्न थालेको टिप्पणी गरेका छन्।

यसबीच, सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा देखिएको एउटा दृश्यले थप राजनीतिक तरंग पैदा गऱ्यो। राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा सरकारको नीति तथा कार्यक्रम वाचन गरिरहेका बेला प्रधानमन्त्री बालेन्द्र शाह बीचमै बाहिरिएको घटनालाई धेरैले असामान्य रूपमा हेरे। संसदीय व्यवस्थामा नीति तथा कार्यक्रम सरकारकै साझा दस्तावेज मानिन्छ र त्यसको प्रस्तुतिका बेला प्रधानमन्त्रीको उपस्थितिलाई राजनीतिक तथा नैतिक दायित्वका रूपमा लिइन्छ। प्रधानमन्त्रीको बीचमै बाहिरिनुले सरकार स्वयं आफ्नो दस्तावेजप्रति पनि गम्भीर नभएको सन्देश गएको भन्दै आलोचना भइरहेको छ। प्रधानमन्त्री शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले "पुराना परम्परा तोड्ने" र "नयाँ राजनीतिक संस्कार स्थापित गर्ने" नारा अघि सारे पनि व्यवहारमा त्यसले संसदीय प्रणालीकै आधारभूत अभ्यास कमजोर बनाउन खोजेको आरोप बढ्दै गएको छ। परम्परा परिवर्तन र संस्थागत मूल्य भत्काउने विषयबीचको सीमारेखा

बाँकी ७ पृष्ठमा

## कांग्रेसभित्रको संघर्ष, गगनको परीक्षा



प्रसङ्गवश

कौशल कुमार भट्टराई

नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहाससँग अभिन्न रूपमा जोडिएको राजनीतिक दल हो नेपाली कांग्रेस। कांग्रेस अहिले फेरि एक पटक गम्भीर आन्तरिक संघर्षको चरणबाट गुज्रिरहेको छ। बाहिरबाट हेर्दा यो सामान्य गुटगत असन्तुष्टिको अवस्था जस्तो देखिए पनि वास्तविकता त्योभन्दा गहिरो छ। यो संघर्ष अब केवल व्यक्तिहरूबीचको शक्ति प्रतिस्पर्धा मात्र रहेको अवस्थामा छैन।

कांग्रेस अब पुरानै शैलीमा चल्ने कि नयाँ पुस्ताको नेतृत्वमा नयाँ संरचना र संस्कृतितर्फ जाने भन्ने प्रश्नसँग जोडिएको छ। विशेष महाधिवेशनमार्फत गगन थापा नेतृत्वमा नयाँ कार्यसमिति चयन भएपछि पार्टीभित्र लामो समयदेखि दबिएको शक्तिसंघर्ष सतहमा आएको हो। त्यो नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले समेत वैधानिक मान्यता दिइसकेको छ। अब विवादको कानूनी आधार समाप्त भइसकेको छ। अहिले बाँकी रहेको कुरा राजनीतिक स्वीकार्यता, मनोवैज्ञानिक सहजता र शक्तिसन्तुलनको प्रश्न मात्र हो।

विशेष महाधिवेशनको विरोधमा उभिएका नेताहरूमा पूर्णबहादुर खड्का, शेखर कोइराला, विमलेन्द्र निधि लगायत रहेका थिए। अन्ततः त्यही नेतृत्वको हस्ताक्षर भएको टिकट बोकेर गत फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा खड्का बाहेक सहभागी भए। खड्का स्वयं मतदान प्रक्रियामा सहभागी भए र कांग्रेस उम्मेदवारलाई मतदान गर्न सार्वजनिक अपिलसमेत जारी गरे। खड्काको निर्वाचन क्षेत्रमा उनकै सहोदर भाइ विष्णु बहादुर खड्का नै कांग्रेसको उम्मेदवार बने। उनी निर्वाचित भएका पनि छन्।

यदि विशेष महाधिवेशनलाई उनीहरूले पूर्णतः अस्वीकार गरेका हुन्थे भने त्यसबाट बनेको संरचनाको टिकट स्वीकार गरेर निर्वाचनमा जानु सम्भव थिएन। यसले व्यवहारतः उनीहरूले नयाँ नेतृत्वलाई मान्यता दिइसकेको स्पष्ट संकेत दिएको थियो।

त्यसैगरी ज्ञानेन्द्रबहादुर कार्की, प्रकाशशरण महत, किशोरसिंह राठौर, नारायणप्रसाद (एन.पी.) साउद लगायतका नेताहरू पनि निर्वाचनमा उम्मेदवार बने। कतिपय पराजित भए,

बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# ३०औं बालसाहित्य सम्मेलन र रोल्पा



– डा. जयन्ती पौडेल

बाल साहित्य समाज र रोल्पाली आयोजकहरूको संयोजकत्वमा मिति २०८२ मंसिर १८ र १९ गते रोल्पाको सदमुकाम लिवाङमा अत्यन्त भव्यताका साथ ३० औं बालसाहित्य सम्मेलनको कार्यक्रम सुसम्पन्न भयो। १८ गते बिहान १० बजेबाट नै कार्यक्रम शुरू हुने भएकोले काठमाडौंबाट १६ गते साँझ ६:३० मा करिब ४२ जनाको टोली रोयल रोल्पा गाडीबाट रोल्पाको लागि प्रस्थान गरेका थियौं।

करिब २१ घण्टाको लामो यात्रापछि अपरान्ह ३:३० बजे हामी रोल्पाको सातदोबाटोस्थित होटलमा पुग्यौं। त्यहाँ रोल्पाली मित्रहरूले अतिथिहरूको खानाको व्यवस्था गर्नुभएको थियो। अधिकांश बालसाहित्य प्रेमीहरूको रोल्पाको यात्रा पहिलो यात्रा भएकोले कुन बेला रोल्पा पुगिएला र रोल्पा कस्तो होला भन्ने कौतुहलता सबैको मनमा उब्जनु स्वाभाविक नै थियो। यात्रामा नेपालीमात्र नभएर विदेशी पाहुनाहरू पनि तीनजना हुनुहुन्थ्यो। एकजना चिनियाँ नागरिक, एकजना स्लोभानियाकी युवती र १ जना भारतीय युवक पनि सम्मेलनमा भाग लिन आउनु भएको थियो।




सबैजना रमाउँदै नौलो ठाउँ रोल्पालाई हेर्न आतुर हुँदै अगाडि बढिरहेका थियौं। यता, रोल्पाली आयोजकहरू पनि आफ्ना अतिथिहरूलाई स्वागत गर्न हतारी रहनु भएको थियो। समय समयमा कहाँ आइपुग्नु भयो भन्दै उहाँहरूको फोन आइरहन्थ्यो। पर्खाइको धैर्यतालाई छिचोल्दै जब ३.३० मा हामी रोल्पाको सातदोबाटोस्थित खानाखाने होटल अगाडि पुग्यौं त्यसपछि हाम्रा रोल्पाली शुभचिन्कहरू हामीलाई स्वागत गर्न बसको ढोका अगाडि बसिरहनु भएको थियो। हामीहरू क्रमैसँग बसबाट ओर्लंदै जाने उहाँहरूले हातमा फूलको गुच्छा र निधारमा अबिरको टीका लगाइदिँदै हामीहरूलाई स्वागत गर्नुभयो। स्वागत समारोहमा उपस्थित सबै शुभचिन्तकहरूको नाम याद हुन सकेन कविता उपाध्याय चाहिँ नाम याद रहेकोले स्वागत कार्यक्रममा उहाँ पनि उपस्थित हुनुहुन्थ्यो। सायद डि.बी. टुहुरो पनि त्यहाँ उपस्थित हुनुहुन्थ्यो होला तर एक पटक मात्र देखेकोले होला राम्ररी परिचय हुन सकेन।

स्वागतपछि खाना खाने होटलमा पनि हाम्रा रोल्पाली आयोजकहरूले हामीलाई धैरै मद्दत गर्नुभयो। अतिथि देवो भवःको वैदिक कथनलाई हाम्रा आयोजकहरूले पूर्ण रूपमा पालना गर्नुभएको थियो। उहाँहरूको त्यो आतीथ्यता त्यो सदासयता अनि त्यो हृदयदेखि नै उजागर भएको अतिथि सत्कारको प्रेमलाई जीवनभर भुल्न नसक्ने खालको थियो।

रोल्पाको चिसो हावापानीमा पाइएको न्यायो सत्कार र स्वादिष्ट भोजनपछि हामीलाई 'रक गार्डेन' र भ्यू टावर हेर्नका लागि लगिएको थियो। चट्टान नै चट्टानले बनेको रक गार्डेनलाई बाहिरबाटै हेरेर भ्यू टावर हेर्नका लागि हामी सबै गयौं। करिब २० मिनेटको हिडाइपछि हामी भ्यूटावर पुगेका थियौं। ८ तले टावरको गेट अगाडि जनयुद्ध कालमा मारिएका सैनिक महिला कमाण्डरहरूको २ वटा मूर्ति र त्यसको देब्रेपट्टी भागमा जनयुद्ध कालमा रोल्पामा वीरगति प्राप्त गरेका नेपाली वीर लडाकुहरू सात सय जनाभन्दा बढीको नाम देखेर मन नै स्तब्ध भयो।

साथीहरू भ्यू टावरको माथिल्लो तलामा गएर रमणीय रोल्पाको प्राकृतिक दृश्य हेरेर रमाइरहनु भएको थियो भने म चाहिँ जनयुद्धमा मारिएका रोल्पालीहरूको नामावली हेरेर भावुक भइरहेकी थिएँ। जनयुद्धकालमा त्यसरी ध्वस्त भएको रोल्पाले अहिले काँचुली नै फेरेको रहेछ, अधिकांश ठाउँका बाटोहरू कालोपत्रे, चारैतिर हरियाली जङ्गल, चिसो वातावरणले बसैको मन मुटु छोएको थियो।

वरिपरि हेर्दै सबैजना होटेलतर्फ हगाडि बढ्यौं। सदरमुकाम लिवाङ्गको टुँडिखेल नजिकैको 'होटल भट्ट' होटल हेरिटेज र होटल हिलटपमा पाहुनाहरूको लागि खाने र बस्ने व्यवस्था मिलाइएको थियो। त्यसै दिन साँझ ५:३० बजेतिर बालमन्दिरको हलमा आयोजकहरूले पत्रकार सम्मेलनको समेत आयोजना गर्नुभएको थियो।

करिब १ घण्टा जतिको पत्रकार सम्मेलनपछि सबैजना आ-आफ्नो तोकिएको होटलमा खाना र बासका लागि गयौं। सायद समय नभएर होला त्यहाँ परिचयात्मक कार्यक्रम भने राखिएको थिएन। यदी काठमाडौंबाट जानुभएका पाहुनाहरू र रोल्पाका आयोजकहरू बीच परिचयात्मक कार्यक्रम करिब ३० मिनेटको मात्र राखिएको भए सुनमा सुगन्ध नै हुने थियो।




मुख्य कार्यक्रमको दिन अर्थात् १८ गते बिहान वरिपरि हरियो डाँडाले घेरिएको बीचमा उपत्यका झैं लाग्ने लिवाङको टुँडिखेल पूर्व हेर्न गएको थियौं। लिवाङ पूर्व र दक्षिणका बीचको भाग अर्थात् आग्नेयकोणको भाग दार्जिलिङ शहरका घरहरू झैं देखिएका थिए। एक ठाउँमा झलमल्ल घाम लागिरहेको छ भने त्यसको ४५ वा १ घण्टाको फरकमा चिसो र घामको अनुहार नै नदेखिने अवस्था हुँदो रहेछ।

रोल्पाको गाउँहरू कस्ता होलान् भन्ने खुल्दुली मेटाउन हामी टुँडिखेल वरपरका घरहरू हेर्न गयौं। सदरमुकाम भएर होला वरपर होटल बजारहरू पनि थिए। मूल सडक भित्रका घरहरू पुराना पहाडिया अर्थात् ढुङ्गाले छाएका र अधिकांश १-२ तले थिए। रोल्पालीहरूको मिलनसार अनि पाहुनालाई स्वागत गर्ने शैली असाध्यै मनपर्दो खालको थियो। हामी बाटामा घुम्दै रहँदा एकजना स्थानीय महिला बाहिर निस्केर नमस्कार गर्दै हाम्रो बारेमा चाँसो राख्दै सोध्नु भएकोबाट पनि अनुमान लगाउन सकिन्थ्यो कि कार्यक्रमको बारेमा व्यापक प्रचार प्रसार भएको रहेछ भनेर।

रोल्पाका सायद १० ओटै गाउँपालिकाबाट १८ गतेको बालसाहित्यिक महोत्सवको उद्घाटन कार्यक्रममा जनसमुदायको सहभागिता थियो। बिहान ११ बजे बाजा र ऱ्याली अनि ब्यानरसहित सबै पालिकाका जनसमुदाय साततालबाट करिब १५ देखि २० मिनेटको दूरीमा रहेको टुँडीखेलमा भेला हुन जाँदाको दृश्य निकै मनमोहक थियो। विभिन्न समुहका महिलाहरूबाट प्रदर्शन गरिएको त्यहाँको प्रसिद्ध मयुरनाच निकै आकर्षक थियो। मयुरनाच सँगै धिमेबाजा पञ्चैबाजासहित अवीर फूलमालाले हामी आगन्तुकलाई गरेको स्वागत निकै नै मनमोहक थियो।

सबैको गला र निधार रातो टीका माला र हालमा फूलको गुच्छाले सजिसजाउ थियो। साँच्चै नै अति नै मनमोहक दृश्य र रमाइलो क्षण थियो। स्थानीयहरूले घरको छत-छतबाट बर्साउनुभएको अवीर र फूल अनि घर-घरमा घडा सजाएर गरिएको त्यो स्वागत मानौ कुनै राजनीतिक दलका मन्त्री गाउँ गएको भन्दा कम थिएन। हामी कुनै राजनीतिक दलका नेता थिएनौ थियौं त विशुद्ध बालसाहित्यकार तर रोल्पालीजनले साहित्यकारलाई गर्नु भएको त्यो भव्य स्वागतले हाम्रा विदेशी पाहुनाहरू पनि अत्यन्त हर्षित हुँदै बाजाको तालमा नाच्दै अगाडि बढिरहनु भएको थियो।

टुँडिखेलमा निवर्तमान् अर्थमन्त्री वर्षमान पुनले कार्यक्रमको समुद्घाटन गरेर कार्यक्रमलाई अझ भव्यता प्रदान गर्नुभएको थियो। २-२ घण्टाको बाटो हिँडेर आउनु भएका महिलाहरूलाई समूहले प्रदर्शन गरेको मयुरनाच सबभन्दा आकर्षक थियो।

अतिथिहरूलाई फेरि पनि फूलको माला र स्थानीय रूपमा उत्पादिन अल्लाको व्याग महिलाहरूलाई र पुरूषलाई टोपी लगाइदिएर स्वागत गरिएको थियो। उक्त महोत्सवको मुख्य उद्देश्य नै विद्यार्थी भाइबहिनीहरूलाई कथालेखन, कविता लेखन, चित्रकला आदि कार्यक्रम गराउनु रहेकोले विभिन्न कार्यक्रममा खटिएकाहरू सदरमुकाम नजिकै रहेको एउटा प्लस टु विद्यालयमा गयौं।

त्यहाँ बाल व्यवसायी मा.वि. लगायतका विभिन्न सरकारी र निजी स्तरका बोर्डिङबाट २ घण्टाको बाटो हिँडेर विद्यार्थीहरू कार्यक्रममा सहभागी हुन आउनु भएको थियो। हामी पनि अटो ट्र्याम्पु लिएर त्यहाँ पुगेका थियौ। भाइबहिनीहरू निकै उत्साहित भएर विभिन्न विधाका कक्षामा सहभागी हुनुभएको थियो। १ दिने कथा, कविता, चित्रकला, अभिनय र समीक्षा लेखनको कार्यशालाबाट पनि विद्यार्थी भाइबहिनीहरूले भोलिपल्ट अर्थात् १९ गते बिहान ७ बजेको कार्यक्रममा सहभागी भई उत्कृष्ट कथा, कविता, अभिनय, समीक्षा र चित्रहरू बनाएको देख्दा हामी अचम्मित भयौं।

त्यस दिन बिहान १ जना तराईबासी शुभचिन्तकले रोल्पामा मिठाइ पसल खोलेर बस्नु भएको रहेछ, उहाँले बिहानको खाजा खुवाउने निम्तामा हामी उहाँको होटलमा गयौं। उहाँहरूले देखाउनु भएको त्यो सदासयतालाई हामी कहिल्यौ भुल्न सक्दैनौं। ११ बजेपछि उद्योग वाणिज्य सङ्घको सभाहलमा फेरि कार्यक्रम शुरू भयो। दिनभरको कार्यक्रमपछि साँझ ५ बजे आ-आफ्नो होटलमा गएर खाना खाई हामी आ-आफ्नो सामान लिएर काठमाडौं फर्कने तरखरमा लाग्यौं। करिब ६ बजेको समयमा हामी बसपार्कबाट काठमाडौं हिंड्यौ।

हामीलाई विदाइ गर्न बसपार्कमा कविताजी लगायत अन्य शुभचिन्तक आयोजकहरू आउनु भएको थियो। हामीले रोल्पामा उत्पादिन केही खाद्यान्नहरू 'कोसेली घर' हाम्रो कोसेलीघरबाट लिएर मौकाले जुराए फेरि भेट्ने वाचासहित रोल्पाबाट बिदा भयौं।

३० औं एशिया स्तरीय बालसाहित्य महोत्सवले जुराएको रोल्पा भ्रमण हाम्रो लागि अत्यन्त अविस्मरणीय रहयो। शुभ चिन्तकहरूले हामीप्रति लगाउनु भएको गुन कहिल्यै भुल्न सकिन्न। बालसाहित्य समाजले प्रत्येक वर्ष यस्तो कार्यक्रम आयोजना गर्दछ तर रोल्पाको यो कार्यक्रम साँच्चै नै भव्य कार्यक्रम थियो।

के बुढा, के बालक के तन्नेरी, के गृहिणी सबैले अत्यन्त भव्यताको साथ हामीलाई स्वागत गर्नु भएको थियो। सुन्दर पर्यटकीय नगरी रोल्पामा गएर हामीले हाम्रा भाइबहिनीहरूलाई के कति कुरा सिकाउन सक्यौं यो त यहाँहरूको मूल्याङ्कन गर्नु भयो होला तर रोल्पामा आयोजित महोत्सवबाट हामीले भने धैरै हौसला, सदाचार, सद्भाव र अतिथि भनेका भगवान् सरह हुन् भन्ने रोल्पाली व्यवहारबाट सिक्न पायौं।

हामीमात्र होइन विदेशी पाहुनाहरू पनि साह्रै हर्षित भएर फर्कनु भयो। रोल्पाली साहित्यसमाजले जुन प्रकारले यो कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुभयो त्यो उहाँहरूको गुनको हामी साह्रै ऋणी छौं र उहाँहरुलाई हृदयदेखि नै धन्यवाद छ।

*(लेखिका पौडेल नेपाल बालसाहित्य समाज बाग्मती प्रदेश अध्यक्ष हुनुहुन्छ)*

# नेपालको आकाश सजाउने दुर्लभ तथा विशेष चराहरू

चन्द्र प्रसाद लुइँटेल



प्रकृतिले नेपाललाई अनेकौं अनुपम उपहार दिएको छ। हिमाल, पहाड, तराई, खोँच, नदी, ताल, जंगल र घाँसे मैदानले भरिएको यो सानो देश जैविक विविधताको दृष्टिले विश्वमै महत्वपूर्ण मानिन्छ। त्यही प्राकृतिक सम्पदामध्ये चराचुरुङ्गी पनि एक अमूल्य सम्पदा हो। संसारका धेरै देशहरूको भूगोल नेपालभन्दा विशाल भए पनि चराहरूको विविधताका हिसाबले नेपाल अत्यन्त धनी राष्ट्र मानिन्छ। करिब ९ सयभन्दा बढी प्रजातिका चराहरू पाइने नेपाल दक्षिण एसिया कै महत्वपूर्ण "बर्ड हब" का रूपमा परिचित छ।


नेपालको विशेषता के हो भने यहाँ केही घण्टाको यात्रामै उष्ण तराईदेखि चिसो हिमाली क्षेत्रमा पुग्न सकिन्छ। यही भौगोलिक विविधताले फरक-फरक प्रकारका चराहरूलाई बस्न उपयुक्त वातावरण प्रदान गरेको छ। तराईका सिमसार क्षेत्रमा पाइने जलचरदेखि हिमालका चिसा भेगमा उड्ने रंगीन डाँफेसम्म नेपालका चराहरूले प्रकृतिलाई साँच्चिकै जीवित चित्रजस्तै बनाएका छन्।

नेपालको नाम सुन्नासाथ धेरै मानिसलाई सबैभन्दा पहिले सम्झना आउने चरा हो Himalayan Monal अर्थात् डाँफे। नेपालको राष्ट्रिय चराका रूपमा परिचित डाँफे हिमाली भेगको सौन्दर्यसँग गाँसिएको पक्षी हो। विशेषगरी २ हजार मिटरभन्दा माथिका जंगल र घाँसे मैदानमा पाइने यो चरा आफ्ना चम्किला रङका कारण संसारकै सुन्दर चराहरूमध्ये गनिन्छ। भाले डाँफेको शरीरमा नीलो, हरियो, बैजनी, ताम्र तथा सुनौलो रंग मिसिएको हुन्छ। घाम पर्दा यसको प्वाँख अझ चम्किन्छ र हेर्दा प्रकृतिले आफैं रंग भरेजस्तो अनुभव हुन्छ। नेपाली लोकगीत, कविता र संस्कृतिमा समेत डाँफेको विशेष स्थान छ। हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसहरूले डाँफेलाई केवल चरा मात्र नभई पहिचान र गौरवको प्रतीकका रूपमा पनि लिन्छन्।



नेपालको अर्को अत्यन्त महत्वपूर्ण चरा हो Spiny Babbler अर्थात् काँडे भ्याकुर। यो संसारमै नेपालमा मात्र पाइने दुर्लभ चराका रूपमा परिचित छ। वैज्ञानिक भाषामा Turdoides nipalensis भनिने यो चरा विशेषगरी मध्यपहाडी भूभागका सुख्खा झाडी र काँडेदार वनस्पतियुक्त क्षेत्रमा पाइन्छ। आकारमा सानो र सामान्य देखिए पनि यसको महत्व असाधारण छ किनकि यो नेपालकै "स्थानिक" अर्थात् endemic चरा हो। चराविज्ञानका अध्येताहरूका लागि काँडे भ्याकुर नेपाललाई विश्व मानचित्रमा चिनाउने विशेष पक्षी मानिन्छ। काठमाडौं उपत्यका आसपासका केही क्षेत्रमा समेत यसको उपस्थिति पाइने भएकाले विदेशी चराप्रेमीहरू विशेष रूपमा यसलाई हेर्न नेपाल आउने गरेका छन्।

नेपालका पहाडी तथा हिमाली क्षेत्रमा पाइने अर्को दुर्लभ चरा हो Cheer Pheasant अर्थात् चीर तित्रा। घाँसे भिरालो जमिन र झाडी भएका डाँडाकाँडामा बस्ने यो चरा अहिले संकटमा पर्दै गएको छ। वन विनाश, डढेलो र अवैध सिकारका कारण यसको संख्या घट्दै गएको बताइन्छ। नेपालमा पाइने धेरै तित्रा प्रजातिमध्ये चीर तित्रालाई विशेष महत्वका साथ हेरिन्छ।



त्यसैगरी Satyr Tragopan, Blood Pheasant जस्ता रंगीन हिमाली चराहरू पनि नेपालको प्राकृतिक सम्पदाका महत्वपूर्ण हिस्सा हुन्। हिमाली जंगलमा पाइने यी चराहरूको सुन्दरता र दुर्लभताले विदेशी अनुसन्धानकर्ता र पर्यटकलाई आकर्षित गर्ने गरेको छ।

नेपालका सबै चराहरू सुरक्षित अवस्थामा भने छैनन्। केही प्रजाति अहिले लोप हुने खतरा सामना गरिरहेका छन्। उदाहरणका लागि Bengal Florican विश्वकै अत्यन्त संकटापन्न चरामध्ये एक हो। यो मुख्यतः तराईका घाँसे मैदानमा पाइन्छ। खेती विस्तार, घाँसे मैदान नष्ट हुनु र मानवीय गतिविधिका कारण यसको बासस्थान घट्दै गएको छ।

त्यस्तै White rumped Vulture अर्थात् गिद्धको अवस्था पनि चिन्ताजनक छ। केही दशकअघिसम्म नेपालका गाउँघर वरिपरि सजिलै देखिने गिद्ध अहिले दुर्लभ बन्दै गएका छन्। पशुचिकित्सामा प्रयोग हुने केही औषधिका कारण हजारौं गिद्ध मरेपछि यसको संख्या एकाएक घटेको थियो। अहिले संरक्षणकर्मीहरूले "भल्चर रेस्टुरेन्ट" स्थापना गरेर गिद्ध संरक्षण अभियान सञ्चालन गरिरहेका छन्।

नेपालको तराई क्षेत्रमा पाइने क्बचगक ऋचबलभ पनि निकै आकर्षक र महत्वपूर्ण चरा हो। लामो खुट्टा, रातो घाँटी र अग्लो शरीर भएको सारस विश्वकै सबैभन्दा अग्लो उड्न सक्ने चरामध्ये पर्दछ। नेपाली समाजमा यसलाई शुभ मान्ने परम्परा पनि छ। विशेषगरी सिमसार र खेतबारी वरिपरि देखिने सारस अहिले वातावरणीय परिवर्तनका कारण चुनौतीमा परेको छ।



नेपाल चराहरूका लागि यति महत्वपूर्ण हुनुका पछाडि यसको भौगोलिक बनावट नै मुख्य कारण हो। केही सय मिटरको उचाइबाट आठ हजार मिटरभन्दा अग्ला हिमालसम्म फैलिएको भूगोलले विभिन्न प्रकारका चराहरूलाई उपयुक्त वातावरण प्रदान गरेको छ। यही कारण नेपाल प्रवासी चराहरूका लागि पनि महत्वपूर्ण गन्तव्य बनेको छ। हरेक वर्ष साइबेरिया लगायत चिसा देशहरूबाट हजारौं चराहरू नेपालका ताल, सिमसार र नदी क्षेत्रमा आउने गर्छन्।

विशेषगरी कोशी टप्पु वन्यजन्तु आरक्ष (Koshi Tappu Wildlife Reserve) नेपालकै उत्कृष्ट चरादर्शन क्षेत्र मानिन्छ। यहाँ सयौं प्रजातिका जलचर तथा प्रवासी चराहरू पाइन्छन्। त्यसैगरी चितवन राष्ट्रिय निकुञ्ज (Chitwan National Park), शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (Shivapuri Nagarjun National Park) तथा वर्दिया राष्ट्रिय निकुञ्ज Bardia National Park पनि चराप्रेमीहरूका लोकप्रिय गन्तव्य हुन्।

आज विश्वभर जलवायु परिवर्तन, वन विनाश र प्रदूषणका कारण चराहरूको अस्तित्व संकटमा पर्न थालेको छ। नेपाल पनि यस समस्याबाट अछुतो छैन। जंगल फँडानी, डढेलो, अवैध सिकार, सिमसार क्षेत्रको विनाश तथा रासायनिक प्रदूषणले धेरै चराहरूको बासस्थान नष्ट भइरहेको छ। यदि समयमै संरक्षण गर्न सकिएन भने अहिले हामीले देखिरहेका केही दुर्लभ चराहरू भविष्यका पुस्ताले केवल पुस्तक र तस्वीरमा मात्र देख्नुपर्ने अवस्था आउन सक्छ।

चराहरू केवल प्रकृतिको सौन्दर्य मात्र होइनन्, वातावरणीय सन्तुलनका महत्वपूर्ण आधार पनि हुन्। बीउ फैलाउने, कीरा नियन्त्रण गर्ने र वातावरणीय संकेत दिने काममा चराहरूको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले चराको संरक्षण गर्नु भनेको प्रकृतिको संरक्षण गर्नु हो। नेपालका हिमाल, वन र सिमसार क्षेत्रमा गुञ्जिने चराहरूको स्वर केवल प्रकृतिको संगीत मात्र होइन, हाम्रो जैविक सम्पदाको पहिचान पनि हो।

*(लेखक लुइँटेल अधिवक्ता हुनुहुन्छ)*


कौशल कुमार भट्टराई


कृष्ण लम्साल


पिएमणि भट्टराई


हरि शरण जमकटेल


गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह–प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**“स्वास्थ्य नै वास्तविक धन हो, सुन–चाँदीका टुक्रा होइनन्।”**

– महात्मा गान्धी

**“शरीरलाई स्वस्थ राख्नु कर्तव्य हो, अन्यथा हामी आफ्नो मनलाई बलियो र स्पष्ट राख्न सक्दैनौँ।”**

– गौतम बुद्ध

**“जसले स्वास्थ्यका लागि समय निकाल्दैन, उसले पछि रोगका लागि समय निकाल्न बाध्य हुन्छ।”**

– रविन शर्मा

**“नियमित हिंडाइ नै मानिसका लागि सबैभन्दा उत्तम औषधि हो।”**

– हिप्पोक्रेट्स

**“मानिससँग हजारौँ सपना हुन्छन् तर बिरामी भएपछि एउटा मात्र सपना बाँकी रहन्छ–स्वस्थ हुने।”**

– कन्फ्युसियस

## सम्पादकीय...................

# पहिले सुन्ने, अनि मात्र थुन्ने गर

लोकतान्त्रिक शासन व्यवस्था केवल निर्वाचित सरकारबाट मात्र स्थापित हुँदैन। त्यसको वास्तविक मूल्य कानूनी राज्यको अभ्यासबाट मापन गरिन्छ। कानूनी राज्यको अर्थ राज्य शक्तिको प्रयोग आवेग, प्रतिशोध वा लोकप्रियताको दबाबमा मात्र हुँदैन। यसको मापन स्थापित कानूनी प्रक्रिया, प्रमाण र निष्पक्ष सुनुवाइको आधारमा हुनु हो। पछिल्लो समय बालेन्द्र शाह (बालेन) नेतृत्वको वर्तमान सरकारका विभिन्न गतिविधिमाथि उठिरहेको प्रश्नको केन्द्रमा पनि यही विषय देखिन्छ। विभिन्न क्षेत्रका व्यक्तिहरूमाथि सरकारले “पहिले थुन्ने अनि सुन्ने” शैली अपनाएको आरोप बढ्दै गएको छ। चाहे उद्योगी व्यवसायी शेखर गोल्छामाथि गरिएको व्यवहार होस् वा निर्माण व्यवसायीहरुसँग सम्बन्धित कारबाहीको प्रसंग होस्। यसैगरी राजनीतिज्ञहरू पूर्वप्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली तथा पूर्वमन्त्री रमेश लेखकमाथि देखाइएको सरकारी सक्रियताले पनि यही कार्यमा सरकार लागेको देखिएको हो। यी सबै घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ कि के राज्यले कानूनी प्रक्रिया पूरा गर्नुअघि नै मानिसलाई दोषीझैं व्यवहार गर्न थालेको हो ? अझ पछिल्लो समयमा विभिन्न शैक्षिक परामर्शदाता संस्था तथा कम्पनीसँग सम्बन्धित व्यक्तिहरूमाथि भएका कारबाहीले पनि यही बहसलाई थप तीव्र बनाएको छ। राज्यको अधिकार महत्वपूर्ण अवश्य हो, तर त्यो अधिकारको प्रयोग विधिसम्मत र संयमित नहुँदा लोकतान्त्रिक प्रणाली नै प्रश्नको घेरामा पर्न सक्छ।

वास्तवमा कुनै पनि सभ्य लोकतन्त्रमा “पहिले सुन्ने अनि मात्र कारबाही गर्ने” सिद्धान्तलाई न्यायको आधारभूत मान्यता मानिन्छ। प्राकृतिक न्यायको सिद्धान्तले प्रत्येक व्यक्तिलाई आफ्नो पक्ष राख्ने अवसर दिनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। अनुसन्धान गर्नु, स्पष्टीकरण माग्नु, प्रमाण संकलन गर्नु र त्यसपछि मात्र आवश्यक कारबाही गर्नु कानूनी राज्यको सामान्य प्रक्रिया हो। पछिल्ला घटनाक्रममा सामाजिक सञ्जालको दबाब, तत्काल लोकप्रियता प्राप्त गर्ने चाहना वा “कडा सरकार” देखिने मनोविज्ञानका कारण कतिपय अवस्थामा राज्य संयमितभन्दा आक्रामक देखिएको आलोचना बढ्दो छ। कुनै पनि व्यक्तिलाई अनुसन्धानकै प्रारम्भिक चरणमा सार्वजनिक रूपमा दोषीझैं प्रस्तुत गर्नु, पक्राउलाई नै उपलब्धि ठान्नु र कानूनी प्रक्रिया अघि बढ्नुअघि नै सामाजिक रूपमा अपराधीकरण गर्नु लोकतान्त्रिक प्रणालीका लागि दीर्घकालीन रूपमा खतरनाक अभ्यास बन्न सक्छ। अझ व्यावसायिक तथा शैक्षिक क्षेत्रमा काम गरिरहेका व्यक्तिहरूमाथि यस्ता शैलीमा गरिने कारबाहीले लगानी, उद्यमशीलता र संस्थागत विश्वासमा समेत नकारात्मक प्रभाव पार्न सक्छ। राज्यले अपराध नियन्त्रण गर्नुपर्छ, भ्रष्टाचारविरुद्ध उभिनुपर्छ र गैरकानूनी गतिविधिमाथि कठोर हुनुपर्छ भन्नेमा कुनै विवाद छैन। कानूनी कठोरता र कानूनी मनपरीपनबीच अत्यन्त सानो दूरी हुन्छ। त्यो दूरी पार भयो भने राज्यप्रतिको भरोसा कमजोर बन्छ। लोकतन्त्रमा सरकार लोकप्रियताबाट टिक्न सक्छ तर राज्य प्रणाली न्यायबाट मात्र टिकाउ बन्छ। यदि राज्यले आफ्नो शक्ति प्रयोग गर्दा कानूनी प्रक्रिया, मानव अधिकार र निष्पक्षताको सीमालाई कमजोर बनाउँदै गयो भने त्यसले अन्ततः नागरिक स्वतन्त्रतामाथि नै असर पार्ने जोखिम रहन्छ। आज कुनै उद्योगी, राजनीतिज्ञ वा व्यवसायीमाथि यस्तो व्यवहार हुन सक्छ भने भोलि सामान्य नागरिक पनि त्यही असुरक्षाको घेरामा पर्न सक्छ।

यही कारण अहिले सबैभन्दा आवश्यक कुरा राज्य शक्तिको प्रयोगलाई विधिसम्मत, पारदर्शी र सन्तुलित बनाउनु हो। सरकारले अपराध वा अनियमितताको अनुसन्धान गर्दा प्रमाण, प्रक्रिया र कानूनी मर्यादालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। कसैलाई पक्राउ गर्नु अघि आवश्यक स्पष्टीकरण, बयान र अनुसन्धानको पर्याप्त आधार सुनिश्चित गरिनुपर्छ। “पहिले थुन्ने अनि पछि प्रमाण खोज्ने” शैली लोकतान्त्रिक राज्यको होइन, भयको राजनीतितर्फ जाने संकेत हुन सक्छ। नेपाल सरकारले अहिले सबैभन्दा बढी ध्यान दिनुपर्ने कुरा लोकप्रियता होइन, संस्थागत विश्वास हो। राज्य शक्तिको प्रयोग गर्दा प्रतिशोधको आभास नआओस्, कानून सबैका लागि समान रूपमा लागू होस् र प्रत्येक नागरिकले आफूलाई सुरक्षित तथा न्यायपूर्ण प्रणालीभित्र रहेको अनुभूति गर्न सकोस् भन्ने वातावरण निर्माण गर्नुपर्छ। कानूनी राज्यको वास्तविक मर्म यही हो कि दोषीलाई कानूनी सजाय दिनु। यसको मतलव यो होइन कि कसैलाई पनि सुनुवाइको अधिकारबाट वञ्चित गर्नु। लोकतन्त्रमा बलियो सरकार त्यो होइन जसले धेरैलाई थुन्छ; बलियो सरकार त्यो हो जसले कानून, न्याय र नागरिक अधिकारबीच सन्तुलन कायम राख्न सक्छ।

# नेपालमा भ्रष्टाचार, बढ्दो बेरुजु तथा समाधान



–गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह–प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)

भ्रष्टाचार (Corruption) भन्नाले ‘भ्रष्ट’ भनेको दुषित खराब वा बिग्रेको र ‘आचार’ भनेको व्यवहार चाल चलन वा चरित्र भन्ने बुझिन्छ। यसरी भ्रष्ट+आचर-भ्रष्टाचार। अर्थात् कसैले वदनीयतपूर्ण तरिकाले अनुचित वा भ्रष्ट कार्य गरी आफू वा अरू कसैलाई फाइदा वा हानी पुऱ्याउँछ भने यस्तो कार्यलाई भ्रष्टाचार भनिन्छ। धर्म, नीति संस्कृति र सामाजिक नैतिकताले मनाही गरेको व्यवहार वास्तवमा भ्रष्ट आचरण भित्र पर्दछ।

भ्रष्ट भन्नाले आचरण र अनुशासनबाट तल झरेको दुश्चरित्र भन्ने बुझिन्छ। घुसलाई पश्चिम अफ्रिकामा डास (Dash), ल्याटिन अमेरिकामा ला मोर्डिडा (La Mordida) इटालीमा ला वुस्टरेल्ला (La Bustrella), फ्रान्समा पोडे भिन (Pot de Vin) अमेरिकामा ग्रिज (Greese) समेत भन्ने गरिन्छ। (स्रोत:- James W. Coleman (1985): The Criminal Elite, p 46)– Black's Law Dictionary का अनुसार कमन ल मा भ्रष्टाचार मुलतः न्यायबाट विमुख गर्ने कार्यसँग सम्बन्धित मानिन्थ्यो। अहिले आएर भ्रष्टाचारको सम्बन्ध न्यायिक अधिकारीसँग मात्र सीमित मानिंदैन। सो शब्दकोष अनुसार कुनै अधिकारीलाई वा कानूनी र सार्वजनिक कर्तव्यलाई प्रभावित गर्न मूल्य रहने कुनै बस्तु प्रस्ताव गर्नु, प्रदान गर्नु वा अनुनय गर्नु भ्रष्टाचार हो। (स्रोत:- Henry Campbell Black (1979): Black's Law Dictionary, p173.) अरूको अधिकार र पदीय कर्तव्यसँग अमिल्दो लाभ दिने मनसायबाट गरिएको कार्यलाई भ्रष्टाचार भनिन्छ। राष्ट्र सेवकले कानून बमोजिम लिन खान हुने बाहेक रकम, कलम, दै दस्तुर, सलामी, इनाम वकस र नगदी वा जिन्सी जुनसुकै आर्थिक लाभ गर्ने, लिने वा खाने कामलाई भ्रष्टाचार भनिन्छ।

बेरुजु भन्नाले सामान्य बोलचालको भाषामा भन्ने हो भने कानूनअनुसार प्रक्रियागत रुपमा खर्च नगरिएको र लेखा स्पष्ट नराखिएको तथा अनियमित रुपमा खर्च गरिएको रकमलाई बुझिन्छ। यसलाई अर्को शब्दमा भन्नुपर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ।

बेरुजु भन्नाले ऐन नियममा तोकिएका विधि र सर्त पूरा नगरी गरिएको खर्च हो। त्यस्तो खर्च अनियमितताको कारणबाट आर्थिक अनुशासनको सुनिश्चिततामा गम्भिर चुनौती बन्दै गएको जगजाहेर नै छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७२ को दफा (२) अनुसार बेरुजुलाई प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएका वा ठहराएको कारोबार हो भनी परिभाषित गरेको पाइन्छ। लेखापरीक्षण सम्पन्न गरिसकेपछि देखिएका व्यहोरा समावेश गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराइएको प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन हो।

यस्तो प्रतिवेदनमा लेखापरीक्षणका लागि तोकिएका आधारहरु अवलम्बन गर्नुपर्ने सैद्धान्तिक मान्यता रहेको छ। स्वतन्त्र लेखापरीक्षणको लागि संवैधानिक सर्वोच्च निकाय महालेखापरीक्षकको कार्यालयभित्र पर्न आउँछ। लेखापरीक्षणलाई सुव्यवस्थित र प्रभावकारी बनाउन विभिन्न नीतिनियम र सिद्धान्तहरुको व्यवस्था गरिएका हुन्छन्। लेखापरीक्षण ऐन, २०७५ नेपाल सरकारी क्षेत्र लेखापरीक्षण मापदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनद्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको आधारमा जोखिम पहिचान र मूल्याङ्कन गरी योजना तर्जुमा गर्ने, लेखापरीक्षणका कार्यक्रममा पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न नमूना छनोट एवं विस्तृत परीक्षण गर्ने आदि जस्ता महत्वपूर्ण विषयहरुलाई अवलम्बन नगरेको देखिन आउँछ। त्यसैले बेरुजु बढ्दै गएको देखिन्छ।

वित्तीय अनुशासन अन्तर्गत सरकारी/सार्वजनिक खर्चमा पारदर्शिता, आर्थिक मितव्ययिता र वित्तीय अनुशासन कायम नहुँदा बेरुजु रकम बर्सेनी बढ्दै गएको छ। महालेखा परीक्षकको कार्यालयले हालै प्रकाशित गरेको ६३ औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिए अनुसार आर्थिक वर्ष २०८१/८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदनअनुसार मुलुकको कुल बेरुजु ( कारबाही गरी टुंगो लगाउनुपर्नेसहित) १५ खर्ब ४३ अर्ब रुपियाँ पुगेको छ। महालेखाको पछिल्लो समय आवधिक बेरुजु र कारबाही गरी टुंगो लगाउनुपर्ने रकम भने बेरुजुलाई दुई शीर्षकमा विभाजन गर्ने गरेको छ। यसअनुसार आवधिक बेरुजु ७ खर्ब ५५ अर्ब १७ करोड रुपियाँ हो भने, कारबाही गरी टुंगो लगाउनुपर्ने रकम ७ खर्ब ८७ अर्ब ८६ करोड देखिन्छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक लेखा परीक्षण प्रतिवेदनअनुसार आ.व. २०८१/८२ को मात्रै बेरुजु ८८ अर्ब ९ करोड ११ लाख रुपियाँ छ। यो अघिल्लो वर्षको तुलनामा भने केही कम हो। आ.व. २०८०/८१ को बेरुजु ९१ अर्ब ५९ करोड ७९ लाख रुपियाँ थियो।

आ.व. २०८१/८२ मा संघ, प्रदेश र स्थानीय तह, संगठित तथा संघीय कानुनअनुसार गठित संस्था गरी ५ हजार ५ सय २६ कार्यालय/निकायको ९४ खर्ब ८४ अर्ब ५० करोड रुपियाँको लेखा परीक्षण गरिएको थियो। असुलउपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की फर्स्योट हुन नसकेकोलाई कुल बेरुजुमा समेटिएको छ। लेखा परीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान तथा ऋण, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा-ब्याजलाई कारबाही गरी टुंगो लगाउनुपर्ने रकम शीर्षकमा राखिएको छ। २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा भएको भौतिक क्षतिका कारण स्रेस्ता पेस नभएर १ सय ७९ कार्यालयको १ खर्ब ४७ अर्ब ९० करोड रुपियाँको लेखा परीक्षण हुन नसकेको महालेखाले जनाएको छ।

महालेखा परीक्षक रायले सरकारी निकायमा सुशासन कायम नहुँदा बेरुजु रकम बढ्दै गएको बताए। महालेखा परीक्षकको कार्यालयले औंल्याएका सुधारका उपायलाई अक्षरशः कार्यान्वयन नहुँदा बेरुजु अंकमा वृद्धि देखिएको उनको भनाइ छ।

सार्वजनिक गरिएको बेरुजुमध्ये सबैभन्दा ठूलो हिस्सा संघ मातहतका कार्यालय तथा निकायको छ। यस वर्ष संघीय कार्यालयअन्तर्गत ५३ अर्ब ४९ करोड, प्रदेश कार्यालयअन्तर्गत ५ अर्ब २३ करोड र स्थानीय तहतर्फ १९ अर्ब ५ करोड तथा समिति र संस्थानतर्फ १० अर्ब ३२ करोड रुपियाँ बेरुजु देखिएको छ। गत वर्षको सम्परीक्षण र यो वर्ष औंल्याइएका एवं दिइएका निर्देशनपछि १४ अर्ब ६३ करोड रुपियाँ असुलउपर भएको पनि महालेखाले जनाएको छ।

६३ औं लेखा परीक्षणका क्रममा तयार भई प्रारम्भिक प्रतिवेदनमा आ.व. २०८१/८२ को बेरुजु ९५ अर्ब २७ करोड ८ लाख रुपियाँ देखिएकामा प्रतिवेदन सार्वजनिक हुँदासम्मका निर्देशन र परिपत्रबाट करिब ७ अर्ब फर्स्योट भएको छ। आ.व. २०८१/८२ मा संघतर्फ सबैभन्दा बढी बेरुजु अर्थ मन्त्रालयमा देखिएको छ। अर्थ मन्त्रालय तथा त्यस अन्तर्गतका निकायको क्लब ३७ अर्ब ६३ करोड ३१ लाख रुपियाँ छ। यो कुल बेरुजुको ७०.३६ प्रतिशत हो। त्यस्तै दोस्रोमा भौतिक पूर्वाधार मन्त्रालय छ। यसको बेरुजु ७ अर्ब १० करोड ३३ लाख छ।

तेस्रोमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय छ जसको बेरुजु १ अर्ब ५३ करोड ३६ लाख रुपियाँ छ। वन मन्त्रालयको अर्ब ३४ करोड ५७ लाख, सञ्चार मन्त्रालयको १ अर्ब १६ करोड ७८ लाख शहरी विकासको ८० करोड ५१ लाख, परराष्ट्रको ७४ करोड ३४ लाख, ऊर्जा मन्त्रालयको ६५ करोड २६ लाख, गृहको ५७ करोड ७२ लाख, स्वास्थ्यको ५२ करोड ४३ लाख र अन्य मन्त्रालयको १ अर्ब ३९ करोड ८६ लाख रुपियाँ बेरुजु छ। आ.व. २०८१/८२ मा ५ देखि १५ प्रतिशतसम्म बेरुज हुने ३९ वटा छन् भने अरूमा त्यसभन्दा बढी बेराजु छ। ७ सय ५३ स्थानीय तहमध्ये ७ सय २१ वटाको मात्रै लेखा परीक्षण गरिएको थियो। ३ हजार ५० संधीय कार्यालयको लेखा परीक्षण गर्दा ८ सय ९४ कार्यालयमा बेरुजु शून्य देखिएको महालेखाले जनाएको छ। प्रदेशका १ हजार १ सय २४ कार्यालयको परीक्षणमा ३ सय २८ कार्यालयमा शून्य बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ।

आ.व. २०८१/८२ मा कोशी प्रदेशअन्तर्गतका निकायको कुल बेरुजु ५८ करोड ६६ लाख ८३ हजार, मधेशमा १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार र बागमतीमा ६९ करोड ३७ लाख ९४ हजार रुपियाँ बेरुजु छ। गण्डकी प्रदेशका निकायमा ५९ करोड ५० लाख १९ हजार, लुम्बिनीमा ७२ करोड ६९ लाख ५ हजार, कर्णालीमा ७७ करोड ३५ लाख ६२ हजार र सुदूरपश्चिममा ६० करोड ४८ लाख ८९ हजार रुपियाँ बेरुजु देखिएको छ। महालेखाले सुधारका लागि संघ, प्रदेश र स्थानीय तहले थुप्रै काम गर्नुपर्ने देखिएको भन्दै विषयगत सुधारका २४ छुट्टाछुट्टै क्षेत्र पनि औंल्याएको छ।

सुशासनको क्षेत्रमा पैरवी गर्ने ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष मदनकुमार शर्मा महालेखाले बेथिति औंल्याउँदै जाने तर सरकारले त्यसको बेवास्ता गर्ने प्रवृत्तिका कारण सुधार नभएको बताउँछन्। ‘हरेक वर्ष महालेखाले अनियमितताको फेहरिस्त दिन्छ, अख्तियारले मुद्दा चलाउँछ, निर्देशन पनि त्यत्तिकै दिइरहेको छ, राष्ट्रिय सतर्कता केन्द्रले निर्देशन दिइरहेकै देखिन्छ तर खै त सुधार ?’ उनी भन्छन्, ‘बरु बेथिति सार्वजनिक नहोस् भनेर सत्ता-शक्तिमा बस्नेले लेखा परीक्षणमै अवरोध पुऱ्याउने, लेखा परीक्षण गर्ने अधिकारीलाई धाकधम्की दिनेसम्मका कुरा पनि सुन्ने गरिन्छ। यसले शासनसत्तामा रहनेहरूमा सुधारको छाँट नरहेको देखाउँछ।’ महालेखाले औंल्याएका विषयमा गम्भीर नहुँदा मुलुक वित्तीय अराजकतातर्फ जाने जोखिम रहेको पनि शर्मा बताउँछन्।

नेपालमा बेरुजु बढ्नुका कारणहरुमाः आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको, कारोबारको लेखाङ्कन प्रोदभावी आधारमा नभई नगद हुँदा पर्याप्त वित्तीय सूचनाको पर्याप्तताको अभावमा बेरुजु कायम हुने गरेको, नेपाल वित्तीय प्रतिवेदन र नेपाल सार्वजनिक लेखामान पूर्ण कार्यान्वयन नगरेको देखिन आउँछ। समयमै लेखापरीक्षण नगराउने पदाधिकारीलाई जवाफदेही बनाउन नसक्दा बक्यौता लेखापरीक्षणको अंक बेरुजुको रुपमा आउने गरेको र बेरुजु बढ्दै गएको र फर्स्योटमा अपेक्षित तदारुकता नभएको पेश्की फर्स्योट कार्य समेत तोकिएको समयमा नभएको। वित्तीय संस्था लगायतका निकायको नियमन प्रभावकारी नभएको देखिन्छ। आयोजनाको प्राथमिकीकरण वस्तुनिष्ठ हुन नसक्नुका साथै पूर्वतयारी बेगरका आयोजनाहरु बजेटमा समावेश हुने गरेको, योजनाहरु समयमै सम्पन्न नहुँदा समय र लागतमा वृद्धि हुने र आयोजनाको अनुगमन र मूल्याङ्कन नतिजामुखी हुन सकेको छैन। बजेट अबण्डा राखी खर्च गरेको, सार्वजनिक खरिद कानूनको परिपालना हुन नसकेको, उपभोक्ता समितिबाट जटिल, प्राविधिक कार्य गराएको, पूर्वाधार निर्माणमा गुणस्तर कमजोर रहेको छ। सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थित नरहेको, सार्वजनिक सम्पत्ति लिज तथा पट्टामा दिँदा प्रतिस्पर्धात्मक र पारदर्शी हुन नसकेको देखिन आउँछ।


नेपालमा बढ्दै गएको बेरुजुको समस्या तथा चुनौतीहरुलाई हटाउन विभिन्न उपायहरु अपनाउनु आवश्यक छ। राजनीतिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी संस्थाहरुमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउनुपर्ने, दण्ड पुरस्कारको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नु आवश्यक छ। राजनीतिक स्थिरता कायम गरी छिटो लम्बिँदै संक्रमणकालको अन्त्य गर्ने, नैतिक मूल्य र मान्यताको अवलम्बन गरी भ्रष्टाचारलाई सामाजिक रुपमा बहिष्कृत गर्नुपर्ने, दण्डहीनताको अन्त्य गरी प्रभावकारी अनुगमन र मूल्यांकनमा जोड दिनुपर्छ। अन्तर्राष्ट्रिय समन्वय गर्नु जरुरी रहेको छ। प्रचलित ऐन कानूनलाई प्रभावकारी रूपमा लागू गर्ने, प्रचलित ऐन कानूनलाई प्रभावकारी बनाउन आवश्यक परेमा संशोधन गरी समसामयिक बनाउनु आवश्यक छ। भ्रष्टाचार निवारणसँग सम्बन्धित निकायलाई पर्याप्त साधनको व्यवस्था गरी प्रभावकारी एवम् श्रोत साधन सम्पन्न बनाउने र कर्मचारीको तलब भत्ता सामाजिक आवश्यकता पुरा हुने गरी व्यवस्था गर्नुपर्छ। भ्रष्टाचारको मुद्दा छिटो टुंग्याउने व्यवस्था गर्ने, विद्यालय स्तरको पाठ्यपुस्तकहरूमा भ्रष्टाचार विरूद्धको विषयहरू समावेश गर्ने।

नेपालले सन् २००३ मा हस्ताक्षर तथा २०११ मा अनुमोदन गरी भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र भइसकेको भएता पनि सो महासन्धिको प्रभावकारी कार्यान्वयन हुन भने सकेको छैन। यसका लागि नीतिगत, संरचनागत र कार्यगत व्यवस्था गर्नु आवश्यक देखिन्छ। मौजुदा कानूनहरुमा समेत समसामयिक संशोधन एवं नयाँ कानूनहरुको तर्जुमा गरी लागू गर्नुपर्ने आवश्यकता रहन आएको छ। भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरुबीच समन्वयको अभाव, काममा दोहोरोपना र असामन्जस्यताको कारण सेवाग्राहीहरुमा दुविधा रहेको छ। यस सन्दर्भमा विशेष गरी राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग एवं केन्द्रीय अनुसन्धान ब्युरोजस्ता निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी समन्वयात्मक रुपमा परिचालन गर्ने व्यवस्था हुनुपर्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# भन्सारमै एमआरपी तोक्ने व्यवस्था अव्यावहारिक

**हरि शरण जमकटेल**



नेपालको अर्थतन्त्र अहिले अनेक चुनौतीहरूको बीचबाट गुज्रिरहेको छ। राजश्व संकलनमा गिरावट, आयातमा निर्भर अर्थतन्त्र, बजारमा अस्वाभाविक मूल्यवृद्धि, उपभोक्ता ठगी, न्यून बीजकीकरण तथा कर छलिजस्ता समस्या राज्यका लागि दीर्घकालीन टाउको दुखाइ बनेका छन्। यिनै समस्याको पृष्ठभूमिमा पछिल्लो समय बालेन्द्र शाह (बालेन) नेतृत्वको वर्तमान सरकारले भन्सार विन्दुमै एमआरपी अर्थात् "म्याक्सिमम रिटेल प्राइस" तोक्ने व्यवस्था कडाइका साथ लागू गर्न थालेपछि देशभर ठूलो बहस शुरु भएको छ। सरकारको दाबी छ कि वर्षौंदेखि कतिपय व्यापारीहरूले विदेशबाट सामान आयात गर्दा वास्तविक मूल्यभन्दा कम मूल्य देखाएर न्यून भन्सार तिर्ने, तर बजारमा अत्यधिक महँगोमा बिक्री गर्ने प्रवृत्ति बढेको थियो। फलस्वरूप राज्यले अर्बौं रुपियाँ राजश्व गुमाइरहेको थियो भने उपभोक्ताले पनि वास्तविक मूल्यबारे जानकारी नपाई महँगो मूल्य तिर्न बाध्य भएका थिए। यही प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले "सामान भित्रिने बेलामै अधिकतम खुद्रा मूल्य स्पष्ट हुनुपर्छ" भन्ने नीति अघि सारेको हो। सरकारको यो कदमसँगै व्यापारी समुदाय भने आक्रोशित बनेको छ। कतिपय आयातकर्ताले आफ्ना कन्टेनर नै भन्सारमा रोकिदिएका छन् भने निजी क्षेत्रका छाता संगठनहरूले यसलाई "व्यवहारमा लागू गर्न नसकिने निर्णय" भनेर आलोचना गरिरहेका छन्।

सरकारले उठाएको मुख्य विषय भनेको न्यून बीजकीकरण हो। उदाहरणका लागि कुनै इलेक्ट्रोनिक सामान विदेशबाट प्रतियुनिट १० हजार रुपियाँमा ल्याइएको छ भने कतिपय अवस्थामा त्यसलाई ५-६ हजार रुपियाँ मात्र मूल्य देखाएर भन्सार तिर्ने गरिएको सरकारी निकायहरूको दाबी छ। यसरी कम मूल्य देखाउँदा भन्सार महसुल, मूल्य अभिवृद्धि कर (भ्याट) तथा अन्य करहरू पनि कम तिर्नुपर्छ। त्यही सामान बजारमा २०-२५ हजार रुपियाँसम्ममा बिक्री हुने गरेको पाइन्छ। राजश्व अनुसन्धान तथा भन्सार विभागका विभिन्न अध्ययनहरूले नेपालमा विशेषगरी इलेक्ट्रोनिक्स, मदिरा, रेडिमेड कपडा, जुत्ता, कस्मेटिक्स तथा विलासी सामानमा न्यून बीजकीकरणको समस्या गम्भीर रहेको संकेत गरेका छन्। आर्थिक वर्ष २०८१/८२ मा मात्रै भन्सार राजश्व लक्ष्यको तुलनामा अर्बौं रुपियाँ कम उठेको सरकारी तथ्यांकले देखाएको थियो। अर्थ मन्त्रालयकै विश्लेषणअनुसार राजश्व चुहावटको एउटा प्रमुख कारण आयात मूल्य कम देखाउने प्रवृत्ति हो। सरकारको बुझाइमा यदि एमआरपी भन्सारमै घोषणा गराइयो भने सामानको वास्तविक मूल्य दायरा पहिचान गर्न सहज हुनेछ र पछि बजारमा अत्यधिक मूल्य असुल्ने सम्भावना पनि घट्नेछ।

सरकारले यो विषयलाई उपभोक्ता अधिकारसँग पनि जोडेर हेरेको छ। नेपालमा एउटै सामानको मूल्य फरक-फरक पसलमा अत्यन्त ठूलो अन्तरमा बिक्री हुने गरेको अवस्था नयाँ होइन। उदाहरणका लागि कुनै ब्रान्डको मोबाइल फोन एक पसलमा ३५ हजार रुपियाँमा पाइने, अर्को पसलमा ४५ हजार रुपियाँसम्ममा बिक्री हुने अवस्था सामान्यजस्तै बनेको छ। कतिपय खाद्यान्न, औषधि र दैनिक उपभोग्य बस्तुमा समेत एमआरपी स्पष्ट नहुँदा उपभोक्ता ठगिने गरेका छन्। उपभोक्ता अधिकारकर्मीहरू लामो समयदेखि मूल्य पारदर्शिताको माग गर्दै आएका थिए। यही कारण सरकारले "उपभोक्ताले बस्तुको वास्तविक अधिकतम मूल्य थाहा पाउनुपर्छ" भन्ने आधारमा यो व्यवस्था ल्याएको तर्क गरिरहेको छ।

व्यापारीहरूको दृष्टिकोण फरक छ। उनीहरूको मुख्य प्रश्न के हो भने भन्सार विन्दुमै अन्तिम खुद्रा मूल्य कसरी निर्धारण गर्न सकिन्छ? कुनै पनि बस्तुको अन्तिम बजार मूल्य केवल विदेशबाट खरिद गरिएको लागतले मात्र तय हुँदैन। उदाहरणका लागि चीनबाट १० डलरमा ल्याइएको एउटा सामान नेपाल आइपुग्दासम्म त्यसमा ढुवानी शुल्क, कन्टेनर चार्ज, बीमा, बैंक ब्याज, भन्सार महसुल, गोदाम खर्च, कर्मचारी तलब, घरभाडा, बजार व्यवस्थापन, विज्ञापन, खुद्रा विक्रेताको मार्जिन तथा सम्भावित नोक्सानीसमेत जोडिनुपर्छ। नेपालजस्तो पहाडी भौगोलिक संरचना भएको देशमा काठमाडौंसम्म ल्याउँदा लागेको लागत र हुम्ला, डोल्पा वा मुस्ताङसम्म पुर्‍याउँदा लाग्ने लागत एउटै हुन सक्दैन। व्यापारीहरू भन्छन् "भन्सारमै तोकिएको एमआरपीले बजारको वास्तविक गतिशीलता बुझ्न सक्दैन।"

उदाहरणका लागि एउटा आयातकर्ताले १ हजार रुपियाँ लागतको जुत्ता ल्यायो भने काठमाडौंमा बिक्री गर्दा त्यसको मूल्य १५ सय रुपियाँ राख्न सकिएला। त्यही जुत्ता दुर्गम जिल्लामा पुर्‍याउँदा ढुवानी खर्चकै कारण १८ सय वा २ हजार रुपियाँ पुग्न सक्छ। यस्तो अवस्थामा शुरुमै तोकिएको एमआरपी व्यावहारिक नहुने व्यापारीहरूको तर्क छ। उनीहरूले अन्तर्राष्ट्रिय बजारको अस्थिरतालाई पनि उठाइरहेका छन्। पछिल्ला वर्षहरूमा डलर विनिमय दरमा तीव्र उतारचढाव, समुद्री ढुवानी शुल्कमा वृद्धि तथा विश्वव्यापी आपूर्ति संकटका कारण लागत निरन्तर बदलिँदै आएको छ। यस्तो अवस्थामा स्थिर एमआरपीले बजारलाई कठोर र अव्यावहारिक बनाउने निजी क्षेत्रको भनाइ छ।

अहिलेको विवादको अर्को महत्वपूर्ण पक्ष भनेको सरकार र निजी क्षेत्रबीचको अविश्वास हो। सरकारलाई व्यापारीहरूले वर्षौंदेखि राजश्व छल्दै आएको आशंका छ भने व्यापारीहरू सरकारलाई निजी क्षेत्रमाथि नियन्त्रण बढाउन खोजेको आरोप लगाइरहेका छन्। यही अविश्वासका कारण अहिले कतिपय व्यापारीले सामान भन्सारबाट जाँचपास नगरी रोकेका छन्। यदि यो अवस्था लम्बियो भने त्यसको प्रत्यक्ष असर बजारमा देखिन सक्छ। बजारमा सामानको अभाव हुँदा मूल्य झन् बढ्ने, कालोबजारी बढ्ने तथा उपभोक्ताले झन् बढी मूल्य तिर्नुपर्ने जोखिम रहन्छ। नेपालमा विगतमा पनि चिनी, मल, खाद्यान्न तथा पेट्रोलियम पदार्थमा आपूर्ति अवरोध हुँदा कृत्रिम अभाव र मूल्यवृद्धि भएको उदाहरण प्रशस्त छन्।

उपभोक्ताको दृष्टिकोणबाट हेर्दा यो व्यवस्था केही सकारात्मक पनि देखिन्छ। यदि सही रूपमा लागू भयो भने उपभोक्ताले बस्तुको वास्तविक अधिकतम मूल्य थाहा पाउनेछन्। बजारमा अनियन्त्रित मूल्य असुली घट्न सक्छ। गलत कार्यान्वयन भयो भने बजारमै समस्या आउन सक्छ। उदाहरणका लागि व्यापारीहरूले लागत धान्न नसक्ने भन्दै सामान आयात घटाए भने बजारमा बस्तुको उपलब्धता कम हुन सक्छ। त्यसले अन्ततः उपभोक्तालाई नै मारमा पार्नेछ। त्यसैले यो विषयलाई केवल सरकार र व्यापारीको टकरावका रूपमा होइन, समग्र आर्थिक प्रणालीको सन्तुलनसँग जोडेर हेर्नुपर्ने आवश्यकता छ।

अब समाधान के त? समाधान पूर्ण कठोरता वा पूर्ण स्वतन्त्रता दुवैमा छैन। सरकारले सबै बस्तुमा एउटै प्रकारको एमआरपी प्रणाली लागू गर्नुको सट्टा बस्तुको प्रकृति अनुसार फरक नीति अपनाउन सक्छ। उदाहरणका लागि औषधि, खाद्यान्न, बालबालिकासँग सम्बन्धित बस्तु तथा अत्यावश्यक सामानमा कडा मूल्य निगरानी गर्न सकिन्छ। प्रतिस्पर्धात्मक विलासी बस्तुमा केही लचकता दिन सकिन्छ। त्यस्तै "फिक्स एमआरपी" भन्दा "मूल्यको अधिकतम दायरा" तोक्ने व्यवस्था व्यावहारिक हुन सक्छ। डिजिटल बिलिङ प्रणाली, अनिवार्य भ्याट बिल, लागत संरचनाको वैज्ञानिक अध्ययन तथा नियमित बजार अनुगमनमार्फत पनि पारदर्शिता बढाउन सकिन्छ।

व्यापारीहरूले पनि अब पुरानै शैलीमा काम गरेर टिक्न सक्ने अवस्था छैन। यदि निजी क्षेत्र पारदर्शी बन्न तयार भएन भने राज्यको हस्तक्षेप बढ्नु स्वाभाविक हो। त्यसैले निजी क्षेत्रले आफ्नो लागत संरचना खुला रूपमा प्रस्तुत गर्ने, कर प्रणालीप्रति इमानदार बन्ने तथा उपभोक्ताप्रति उत्तरदायी हुने संस्कार विकास गर्नुपर्छ। अर्कोतर्फ सरकारले पनि निजी क्षेत्रलाई शंकाको दृष्टिले मात्र होइन, अर्थतन्त्रको साझेदारका रूपमा हेर्नुपर्छ।

भन्सारमै एमआरपी तोक्ने विवादले नेपालको अर्थतन्त्रभित्र लुकेको एउटा ठूलो सत्य उजागर गरेको छ कि राज्य र निजी क्षेत्रबीच गहिरो अविश्वास छ। जबसम्म यो अविश्वास घट्दैन, तबसम्म यस्ता विवाद दोहोरिइरहने छन्। सरकारको उद्देश्य यदि राजश्व पारदर्शिता र उपभोक्ता संरक्षण हो भने त्यो लक्ष्य संवाद, सहकार्य र वैज्ञानिक कार्यान्वयनमार्फत हासिल गर्न सकिन्छ। त्यस्तै निजी क्षेत्रले पनि केवल नाफा होइन, उत्तरदायित्वलाई समेत आफ्नो व्यावसायिक संस्कृतिको हिस्सा बनाउनुपर्छ। स्वस्थ अर्थतन्त्र त्यही बेला निर्माण हुन्छ, जब राज्य, व्यापारी र उपभोक्ता यी तीनै पक्षबीच सन्तुलन, विश्वास र पारदर्शिता कायम हुन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता मेष राशिका व्यक्तिहरूमा उत्साह र ऊर्जा बढ्ने देखिन्छ। रोकिएका काम अगाडि बढ्नेछन् भने नयाँ योजना बनाउने अवसर मिल्न सक्छ। जागिर तथा व्यवसायमा केही नयाँ जिम्मेवारी आउन सक्छन्। आर्थिक क्षेत्रमा मध्यम सुधार हुनेछ। परिवारका सदस्यसँगको सम्बन्ध सामान्यतया राम्रो रहनेछ तर रिस नियन्त्रण गर्न नसक्दा सानो विवाद उत्पन्न हुन सक्छ। अध्ययनमा रुचि बढ्नेछ। प्रेम सम्बन्धमा विश्वासको आवश्यकता देखिन्छ। यात्राको योग पनि बन्न सक्छ। स्वास्थ्यमा पेट तथा निद्रासम्बन्धी समस्या देखिन सक्ने भएकाले खानपानमा ध्यान दिनु उचित हुनेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
वृष राशिका लागि यो साता आर्थिक पक्ष सकारात्मक देखिन्छ। पुराना लगानीबाट लाभ मिल्ने सम्भावना छ। व्यापार गर्नेहरूका लागि नयाँ ग्राहक तथा अवसर प्राप्त हुन सक्छ। पारिवारिक वातावरण शान्त रहनेछ। साथीभाइसँग भेटघाट तथा रमाइलो वातावरण बन्ने संकेत छ। वैदेशिक कार्यमा प्रयासरत व्यक्तिहरूले सकारात्मक समाचार पाउन सक्छन्। प्रेम सम्बन्धमा मधुरता आउनेछ। स्वास्थ्यमा सामान्य थकान तथा टाउको दुख्ने समस्या देखिन सक्छ। धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
यो साता मिथुन राशिका व्यक्तिहरूले काममा बढी दबाब अनुभव गर्न सक्छन्। योजनाअनुसार काम नहुँदा मानसिक तनाव बढ्न सक्छ। तर धैर्य राखेमा साताको अन्त्यतिर सकारात्मक परिणाम देखिने सम्भावना छ। आर्थिक पक्ष सामान्य रहनेछ। खर्च बढ्ने संकेत भएकाले अनावश्यक खर्च नियन्त्रण गर्नु राम्रो हुनेछ। परिवारका ज्येष्ठ सदस्यको सल्लाह उपयोगी बन्न सक्छ। विद्यार्थीहरूका लागि अध्ययनमा मेहनत आवश्यक देखिन्छ। प्रेम सम्बन्धमा भावनात्मक दूरी बढ्न नदिन संवाद आवश्यक हुनेछ। स्वास्थ्यमा घाँटी तथा रुघाखोकीको समस्या देखिन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
कर्कट राशिका लागि यो साता उत्साहजनक रहने देखिन्छ। नयाँ काम सुरु गर्ने योजना बन्न सक्छ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ। कार्यालयमा वरिष्ठ व्यक्तिबाट सहयोग प्राप्त हुनेछ। व्यापारमा प्रगति हुनेछ भने आर्थिक आम्दानीमा सुधार आउने सम्भावना छ। पारिवारिक वातावरण सुखद रहनेछ। प्रेम तथा दाम्पत्य जीवनमा समझदारी बढ्नेछ। विद्यार्थीहरूलाई अध्ययनमा राम्रो सफलता मिल्न सक्छ। स्वास्थ्य सामान्य रहनेछ तर अत्यधिक कामको चापले थकान बढ्न सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यो साता सिंह राशिका व्यक्तिहरूले धैर्यता अपनाउनुपर्ने देखिन्छ। काममा केही अवरोध तथा ढिलासुस्ती हुन सक्छ। अरूको कुरामा सजिलै विश्वास गर्दा समस्या आउन सक्छ। आर्थिक पक्ष मिश्रित रहनेछ। खर्च बढ्ने संकेत छ। जागिरमा जिम्मेवारी बढ्न सक्छ। परिवारमा सानो विषयलाई लिएर विवाद हुन सक्ने भएकाले संयम आवश्यक देखिन्छ। प्रेम सम्बन्धमा सकारात्मकता रहनेछ। स्वास्थ्यमा रक्तचाप तथा टाउको दुखाइको समस्या देखिन सक्छ। यात्रामा सावधानी अपनाउनु राम्रो हुनेछ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
कन्या राशिका लागि यो साता प्रगतिशील देखिन्छ। मेहनतअनुसार उपलब्धि प्राप्त हुने सम्भावना छ। नयाँ व्यापार वा लगानीका अवसर आउन सक्छन्। सामाजिक क्षेत्रमा सम्मान प्राप्त हुन सक्छ। परिवारमा शुभकार्यको चर्चा चल्न सक्छ। अध्ययन तथा प्रतियोगितात्मक क्षेत्रमा सफलता मिल्ने संकेत छ। प्रेम सम्बन्धमा नजिकिने अवसर प्राप्त हुनेछ। स्वास्थ्य सामान्य रहनेछ। साताको अन्त्यतिर आकस्मिक यात्राको सम्भावना देखिन्छ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
तुला राशिका व्यक्तिहरूका लागि यो साता सम्बन्ध सुधारको समय बन्न सक्छ। विगतका गलतफहमी हट्दै जानेछन्। व्यापारमा साझेदारीबाट लाभ मिल्न सक्छ। जागिरमा नयाँ अवसर आउन सक्छ। आर्थिक अवस्था मध्यम रहनेछ। पारिवारिक जिम्मेवारी बढ्न सक्छ। विद्यार्थीहरूलाई अध्ययनमा ध्यान केन्द्रित गर्न कठिन हुन सक्छ। प्रेम सम्बन्धमा भावुकता बढ्नेछ। स्वास्थ्यमा छाला तथा एलर्जीसम्बन्धी समस्या देखिन सक्छ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
यो साता वृश्चिक राशिका व्यक्तिहरूले सावधानी अपनाउनु आवश्यक देखिन्छ। काममा अवरोध तथा मानसिक तनाव बढ्न सक्छ। आर्थिक क्षेत्रमा जोखिमपूर्ण निर्णय नगर्नु राम्रो हुनेछ। पारिवारिक वातावरणमा मतभेद उत्पन्न हुन सक्छ। बोल्दा संयम अपनाउनु आवश्यक देखिन्छ। प्रेम सम्बन्धमा अविश्वास बढ्न सक्ने भएकाले स्पष्ट संवाद आवश्यक हुनेछ। विद्यार्थीहरूलाई मेहनतअनुसार परिणाम ढिलो मिल्न सक्छ। स्वास्थ्यमा पेट तथा रक्तचापसम्बन्धी समस्या देखिन सक्छ। धार्मिक कार्यमा रुचि बढ्नेछ।

**धनु (ये, यो, भा, भि, भु, ध, फा, ढा, भे)**
धनु राशिका लागि यो साता शुभ देखिन्छ। रोकिएका काम पूरा हुनेछन्। वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ। आर्थिक अवस्थामा सुधार आउने संकेत छ। जागिर तथा व्यवसायमा नयाँ अवसर प्राप्त हुन सक्छ। परिवारबाट सहयोग प्राप्त हुनेछ। प्रेम सम्बन्धमा विश्वास र समझदारी बढ्नेछ। विद्यार्थीहरूका लागि अध्ययनमा राम्रो प्रगति हुने देखिन्छ। स्वास्थ्य सामान्य रहनेछ। यात्राको सम्भावना पनि बलियो देखिन्छ।

**मकर (भो, जा, जि, खि, खु, खे, खो, गा, गि)**
यो साता मकर राशिका व्यक्तिहरूले काममा सफलता प्राप्त गर्न बढी मेहनत गर्नुपर्ने देखिन्छ। आर्थिक पक्ष सामान्य रहनेछ। व्यापारमा सोचेर मात्र लगानी गर्नु उचित हुनेछ। परिवारमा जिम्मेवारी बढ्न सक्छ। साथीभाइसँगको सम्बन्ध राम्रो रहनेछ। प्रेम सम्बन्धमा सानो विवाद हुन सक्ने भएकाले संयम आवश्यक छ। स्वास्थ्यमा कम्मर तथा जोर्नी दुख्ने समस्या देखिन सक्छ। ध्यान तथा योगबाट मानसिक शान्ति मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
कुम्भ राशिका लागि यो साता नयाँ अवसरको संकेत बोकेको देखिन्छ। सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रगति हुनेछ। आर्थिक लाभ मिल्न सक्छ। नयाँ व्यक्तिसँगको भेट लाभदायक बन्न सक्छ। परिवारमा खुसीको वातावरण रहनेछ। प्रेम सम्बन्धमा मधुरता आउनेछ। अध्ययन तथा सिर्जनात्मक क्षेत्रमा सफलता प्राप्त हुनेछ। स्वास्थ्य सामान्य रहनेछ। साताको अन्त्यतिर यात्राको सम्भावना देखिन्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
मीन राशिका व्यक्तिहरूका लागि यो साता मिश्रित प्रभाव रहनेछ। काममा केही ढिलासुस्ती हुन सक्छ तर धैर्य राखेमा सफलता प्राप्त हुनेछ। आर्थिक पक्ष मध्यम रहनेछ। खर्च बढ्ने सम्भावना भएकाले योजना बनाएर खर्च गर्नु राम्रो हुनेछ। परिवारका सदस्यसँग समय बिताउने अवसर मिल्नेछ। प्रेम सम्बन्धमा भावनात्मक निकटता बढ्नेछ। विद्यार्थीहरूलाई अध्ययनमा एकाग्रता आवश्यक देखिन्छ। स्वास्थ्यमा थकान तथा आलस्य बढ्न सक्छ। पर्याप्त आराम गर्नुपर्ला।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाईहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।
सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११

Considering studying or working aboard?
Come to Joy International Language Institute
for all levels of
English and Spanish Language Classes
including IELTS, PTE, TOEFL
Improve your conversation skills
speaking with a native speaker.
Gatthaghar Road (on the way to
Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि
सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# Role of Non-Resident Nepalis Crucial in Ensuring Dignified Aging in Nepal

**Kathmandu** / May 16: Experts have emphasized that the government, private sector, and civil society must work collaboratively to improve the quality of life of senior citizens and ensure dignified aging in Nepal, amid rapid youth migration abroad and declining population growth.

The remarks were made during a webinar titled **"Challenges, Opportunities, and the Role of the Diaspora in Creating Dignified Aging in Nepal,"** organized on Saturday by the UK chapter of the Non-Resident Nepali Association (NRNA) UK and Pustantaran Nepal, an organization working in the field of elderly care in Nepal.

Speaking at the event, Dr. Hemraj Sharma, Chairperson of the Non-Resident Nepali Association International Coordination Council (NRNA ICC), underscored the need for collaboration to ensure dignified aging in Nepal. He noted that aging is becoming an increasingly important issue due to current demographic trends and youth migration, adding that NRNA ICC will institutionally prioritize the issue through its knowledge-sharing initiatives and work actively in this area.

Ramsharan Simkhada, Vice President of NRNA ICC, thanked NRNA NCC UK for bringing attention to an issue that has largely remained neglected. He expressed commitment to elevating discussions on aging to broader platforms and affirmed that Non-Resident Nepalis remain dedicated to promoting dignified aging in Nepal.

Rajendra Pudasaini, President of NRNA UK, stated that the organization is committed to supporting dignified aging in Nepal and will continue to collaborate on related initiatives. He said Nepalis living in the UK and across the world could become role models by helping change negative perceptions surrounding elderly care centers and contributing to the creation of better support systems for senior citizens in Nepal. He added that NRNA UK, which has long engaged in philanthropic activities for Nepal and Nepalis, remains committed to supporting older persons.

Speaking at the webinar, Pratibedan Baidya, Chairperson of Pustantaran Nepal, noted that senior citizens currently account for more than 10 percent of Nepal's total population, and aging management is likely to become increasingly challenging as population growth continues to decline.

"Due to negative perceptions surrounding aging management, many senior citizens hesitate to seek services from care centers. At the same time, the absence of younger family members at home and inadequate elderly-friendly infrastructure mean that many older people continue to suffer despite having financial resources," Baidya said, citing interactions with senior citizens and their family members during health and psychosocial counseling camps organized by Pustantaran Nepal.

He added that Pustantaran Nepal has been working to raise awareness and provide essential services to create a more dignified environment for older persons in Nepal. Baidya also called on Non-Resident Nepalis to help adapt global best practices in elderly care to Nepal's context.

Dr. Bindu Pandey, a physician specializing in elderly care, said many senior citizens now visit hospitals alone due to the absence of family members at home, increasing their anxiety and highlighting the need for psychosocial counseling alongside medical treatment. She stressed the importance of creating platforms where senior citizens can interact and promote healthy lifestyles.

"As aging often brings multiple health complications, special attention should be given during health screenings and medication prescriptions for senior citizens. In several health camps, we found that elderly participants were using more medications than necessary," she added.




Wellness coach Sharda Gyawali, who has long provided training on healthy diets and lifestyles nationally and internationally, said that traditional Nepali food is highly beneficial. She suggested that tailoring Nepali diets to the nutritional needs of senior citizens could offer significant health benefits compared to foreign food alternatives. She also emphasized the need to promote awareness about the importance of spices commonly used in Nepali cuisine.

Dr. Jagadish Kshetri, President of the Nepal Society of Gerontology and Geriatrics and Director of the Nepal Geriatrics Center, criticized the new government's decision to remove the ministry responsible for senior citizens, stating that such a ministry should be retained. Referring to China's retirement security provisions under social protection systems, he suggested Nepal should establish a similar retirement security fund. He also pointed out the lack of comprehensive data on senior citizens in Nepal and proposed that NRNA could support related surveys and research.

Participants in the program, facilitated by journalist Bhagirath Yogi, emphasized that ensuring the well-being of senior citizens requires coordinated efforts among the government, private sector, and civil society, with Non-Resident Nepalis playing an important role in advancing dignified aging in Nepal.




अधिवक्ता तथा सह–प्राध्यापक गम्भीर बहादुर हाडाको बृहस्पति पुस्तक प्रकाशन तथा अन्य प्रकाशनबाट ग्रामीण विकास सम्बन्धी कक्षा ११, १२, स्नातक तह तथा स्नातकोत्तर तहको प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics) Class 12-Text Book, रत्न सागर प्रकाशन प्रा.लि., डिल्लीबजार, काठमाडौं, नेपाल, प्रथम संस्करण, २०६९ असार ।
- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics) Eco.Edu.322, त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत तेश्रो वर्ष ग्रामीण अर्थशास्त्र (Eco-Edu.322) को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, तेश्रो संस्करण २०६९, वैशाख ।
- उच्च माध्यमिक शिक्षा परिषद्को कक्षा १२ ग्रामीण अर्थशास्त्र (Rural Economics) को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक A Text Book on ग्रामीण अर्थशास्त्र Rural Economics, Class 12
- गम्भीर बहादुर हाडा, गंगादत्त नेपाल, ग्रामीण विकास सिद्धान्त अवधारणा र नीतिहरु (Rural Development: Theories, Concept and Policies) दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६२, श्रावण-स्नातक तह प्रथम वर्ष-ग्रामीण विकास- Code No..
- गम्भीर बहादुर हाडा, नेपालको ग्रामीण अर्थशास्त्र, स्नातक तह ग्रामीण विकास दोश्रो वर्ष (Rural Economics of Nepal) स्नातक तह ग्रामीण विकास द्वितीय वर्ष, दिक्षान्त पुस्तक भण्डार, वि.सं. २०६२।
- गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (Rural Resources, Environment and Management) ज्ञानकुञ्ज प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, संस्करण २०६३/६४, ग्रामीण विकास–स्नातक तह दोश्रो वर्षको चौथो पत्र ।
- गम्भीर बहादुर हाडा, भोजेन्द्र अर्याल, ग्रामीण सन्दर्भमा विकास एवं योजना अर्थशास्त्र (Economics of Development and planning), दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौ, नेपाल, प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह-ग्रामीण विकास- प्रथम वर्ष, प्रथम पत्र Code No.
- गम्भीर बहादुर हाडा, ग्रामीण विकासः नीति तथा विधिहरु, आधारित पाठ्यपुस्तक कक्षा ११ को ग्रामीण विकास (R.D.) विषयको नयाँ पाठ्यक्रममा पूर्ण रुपमा Rural Development, Policies and Strategies, दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह पहिलो वर्ष-ग्रामीण विकास प्रथम वर्ष-दोश्रो पत्र
- गम्भीर बहादुर हाडा, ग्रामीण विकास (Rural Development), कक्षा-११, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, प्रथम संस्करण, २०६८, उच्च माध्यमिक शिक्षा परिषद्द्वारा स्वीकृत -दिगो ग्रामीण विकास (Sustainable Rural Development), स्नातकोत्तर तह-ग्रामीण विकास दोश्रो वर्ष-त्रिभुवन विश्व विद्यालय स्नातकोत्तर तह ग्रामीण विकास (RD 507) को संशोधित नयाँ पाठ्यक्रममा आधारित संस्करण २०६४/०८/१५, कीर्तिपुर, काठमाडौं, नेपाल ।
- त्रिभूवन विश्व विद्यालयको तीन वर्षे बी.ए.द्वितीय वर्षको ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (RD 313) को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक,
- गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (Rural Resources, Environment and Management), अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, दोश्रो संस्करण, २०६८ ।
- गम्भीर बहादुर हाडा र राम हाडा, त्रिभुवन विश्वविद्यालयको तीन वर्षे बी.ए., प्रथम वर्षको ग्रामीण विकास (RD 311), को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक, ग्रामीण विकास,-सिद्धान्त, अवधारणा र पद्धति (Rural Development-Theories Approaches and Techniques), अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, प्रथम संस्करण, २०६२ वैशाख ।
- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, स्नातक तह तेश्रो वर्षको ग्रामीण अर्थशास्त्र (Eco.Edu.306) को पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, नेपाल, संस्करण, २०६५ माघ ।
- ग्रामीण विकास नीति तथा रणनीति–त्रिभुवन विश्व विद्यालय ग्रामीण विकास विभाग अन्तर्गत स्नातकोत्तर तह पहिलो वर्षको दोश्रो पत्र ग्रामीण विकास-नीति तथा रणनीति (M.A.RD-512 A) को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक प्रकाशक तथा वितरक-दीक्षान्त प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, दोश्रो संस्करण, २०६६ ।



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# चौधरीमाथि धम्की, परिवार त्रासमा

मोरङ/ मोरङ जिल्ला पथरी शनिश्चरे नगरपालिका हसन्दह-५ निवासी राजन कुमार चौधरीको परिवार त्रासमा परेका छन्। चौधरीले लेखेको एक लेखलाई लिएर सरकारमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता भन्दै धम्की आएपछि चौधरीको परिवार त्रासमा परेको बताइएको छ।

हाल बेलायतमा रहँदै आएका राजन कुमार चौधरीले 'नयाँ विमर्श' साप्ताहिकमा लेखेको एक लेखलाई आधार मानेर उनीहरुले चौधरी परिवारलाई आइतबार (२०८३ जेठ ३ गते ) धम्की दिएको समाचार स्रोतले बताएको छ। राजन कुमार चौधरीको 'राज्यसत्ताको अहंकार : पतनतर्फ बालेन सरकार' शीर्षकको लेखको हवाला दिँदै धम्की आएको पीडित परिवारका एक सदस्यले नाम नखोल्न आग्रह गर्दै 'नयाँ विमर्श' साप्ताहिकसँग दाबी गरेका छन्। उनले डराउँदै भने, 'राजनलाई नेपाल फर्किएपछि जे पनि गर्न सक्ने भन्दै धम्क्याएका उनीहरुले हामी यहाँ नेपालमा बस्नेलाई जे पनि गर्न सक्लान् भन्ने लागिरहेको छ।' उक्त लेख गतांक (वर्ष-१९, अंक ४०) मा २०८३ जेठ १ गते प्रकाशित भएको थियो।

पीडित परिवारका सदस्यले भने, 'उनीहरु साँझ पख आएर पत्रिकामा छापिएको लेख देखाए। मलाई त उसको लेखबारे पनि जानकारी थिएन। लेखसँगै राजनको तस्विर पनि देखेपछि विश्वास भयो। त्यसैले उसैको रहेछ भन्ने त लाग्यो।' घटना विवरणबारे थप जानकारी दिँदै उनले भने, 'त्यसपछि उनीहरुले भर्खर आफ्नो दलको नेतृत्वमा सरकार बनेको छ। केही नयाँ काम गर्ने गरी सरकार लागेको छ। यस्तो अवस्थामा प्रधानमन्त्री बालेन्द्र शाह ( बालेन) तथा सरकारको विरोधमा विचार राखी हाल्ने ? यो राम्रो काम भएन।'

त्यसरी आएका मानिसहरुले आफूहरु राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यकर्ता भएको बताए पनि आफ्नो आधिकारिक प्रमाण भने नदिएको बताइएको छ। उनीहरुले 'बाहिर ( बेलायत) मा बसेर यहाँ उपदेश दिने ? देश बर्बाद भइरहेको समयमा सरकारले चालेका कदमहरुमा समर्थन गर्नुको साटो विरोधमा लेख लेख्ने कार्य गर्ने राजनलाई नेपाल फर्किनासाथ कारबाही गर्छौं। सरकारसँग त्यसले टक्कर लिने ?' भनेको पनि पीडित परिवारले जानकारी दिएका छन्। उनीहरुले लेखक राजन कुमार चौधरीलाई भनेर उक्त विचार (लेख) लाई खण्डन गर्न दबाब दिएको पनि समाचार स्रोतले जानकारी दिएको छ।

'नेपाल आएका खण्डमा तिमीलाई सरकार पक्षका मानिसहरुले समस्यामा पार्न सक्छन्। उस्तै परे कुटपिट, धरपकड तथा कुनै न कुनै बहानामा थुनामा पनि पठाई दिन सक्छन् ' भन्दै परिवारजनले आफूलाई भनेपछि आफू पनि तनावमा परेको लेखक चौधरीले बताएका छन्। उनले आफूले लेखेको लेखमा व्यक्त धारणाहरु सही रहेको, आफ्नो धारणाबाट आफू विचलित नभएको उल्लेख गर्दै सरकार यसैगरी जनअपेक्षा विपरित संचालित भएमा आफूले झनै खरो रुपमा सरकारलाई सच्याउनका लागि धारणाहरु राख्दै जाने दृढता पनि व्यक्त गरेका छन्। उनले बेलायतमा रहेका हाम्रा संवाददातासँग कुरा गर्दै त्यस्तो धारणा राखेका हुन्।

लेखक चौधरीले आफूले लेखेको लेखलाई खण्डन गर्नुपर्ने अवस्था नरहेको उल्लेख गर्दै लोकतान्त्रिक व्यवस्थामा सरकारले आफ्ना आलोचनाहरुलाई पचाउनुपर्ने धारणा राखेका छन्। उनले विचार अभिव्यक्तिको स्वतन्त्रता संविधानप्रदत्त मौलिक हक रहेको उल्लेख गर्दै बेलायत जस्तो प्रजातन्त्रको जननी मानिने देशमा आफू हाल रहेकाले पनि व्यक्तिगत स्वतन्त्रता, प्रजातान्त्रिक हक, अधिकारका बारेमा आफू सचेत रहेको उल्लेख गरेका छन्।

उनले नेपालमा परिवर्तन गर्ने नाममा वर्तमान सरकारले चालेका कतिपय गतिविधिहरु आलोचनायोग्य रहेको उल्लेख गर्दै भनेका छन्, 'बालेन सरकारले हाम्रो मुख थुन्ने भन्दा पनि राम्रो काम गरेर जनहितमा आफूलाई उभ्याओस्। जनताभन्दा माथि कोही हुँदैन भन्ने कुराको हेक्का राखोस्। यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कार्यकर्ताले पनि धम्क्याउने भन्दा पनि आलोचनालाई पचाएर सही काम गरोस्। उनीहरुबाट धम्की आए पनि म आफ्नो विचारबाट विचलित छुइन। केही गरिहालेमा प्रहरी प्रशासन तथा अदालतको सहारा लिने नै छु।'

# Do you know the way to Heaven ?

**P. Pilgrim**

A motorist was on a journey through Scotland and part of his route passed through the town of Kilmacolm in Renfrewshire. As he was a bit uncertain about which way to go next, he stopped with some roadmen and asked them the way to Glasgow, the second city of Scotland. The men, who knew the area well, were able to give very clear directions that would take him to his destination. But just as he was about to drive off one of the roadmen asked him this pointed question – 'do you know the way to Heaven'? The reply of the motorist was 'no, I don't'. The roadman immediately responded with the words of Jesus from the gospel of John chapter 14 verse 6, where Jesus said, 'I am the way'. The driver thanked the road worker for his message and then drove on to Glasgow however for the rest of his journey he turned over in his mind the words that he had just heard.

After he had returned to London the same motorist was involved in a serious road accident. He was taken to hospital but he had only a short time to speak with his family before he died from his injuries. Ten days later two young men arrived in Kilmacolm, they enquired as to where they might find the Christian road worker. These two men were the sons of the motorist who had just been buried but before his death he instructed them to take a journey to Scotland to find the road worker and to thank him for telling him the way to heaven. They found the road worker and said 'father understood what you said and is now in Heaven'.

Do you know the way to heaven? That is a vital question. As one of the Christian hymn writers said, 'On the golden streets of Heaven all men hope to walk someday'. I'm sure that you want to go to heaven when your life is over. But, do you know how to get there?

Let me make it clear that there is a way to heaven. There is no need for uncertainty on this vital matter. Heaven is not an unapproachable or an inaccessible place. But remember that Heaven is the dwelling place of the living God. So, if you would want to know how to get there you must listen to what the living God has to say, not to the notions and theories of men, as the book of Proverbs warns us in chapter 14 verse 12. 'There is a way which seemeth right unto a man, but the end thereof *are* the ways of death'.

If you want to go to heaven then you must turn to the word of God because it is the Bible alone that tells you how to get there and what the Bible teaches is that the way to heaven is simply by putting your trust in Jesus Christ alone as your Saviour. Act chapter 16 verse 31 says 'Believe on the Lord Jesus Christ, and thou shalt be saved,'. Also in Act chapter 4 verse 12 says 'Neither is there salvation in any other: for there is none other name under heaven given among men, whereby we must be saved.' If you trust in Jesus he will save you. He has shown his love for you by suffering and dying on the cross. His rising again the third day demonstrates that God was satisfied with his offering and will accept all who call on the name of Jesus Christ for salvation.

The roadman said 'Jesus said I am the way', just like the motorist you need to come to Jesus repent of your sins and believe on the Lord Jesus Christ to forgive you and to save you, if you want to be in Heaven one day.

pilgrimway101@yahoo.com

# अमेरिकी विद्यार्थीले हिलसाइड कलेजमा गरे अन्तरक्रिया



काठमाडौं/ अमेरिकास्थित Purdue University Northwest बीच भएको शैक्षिक सहकार्यअन्तर्गत अमेरिकी विद्यार्थी टोलीले नेपाल भ्रमण गर्दै विभिन्न शैक्षिक तथा सामाजिक क्षेत्रको अध्ययन गरेको छ। सोही क्रममा टोलीले ललितपुरको हिलसाइड कलेज अफ इञ्जिनियरिङ (Hillside College of Engineering) मा अध्ययनरत विद्यार्थीहरुसँग अन्तरक्रिया गरेको छ।

पूर्वाञ्चल विश्वविद्यालय र प्रड्यू युनिभर्सिटीबीच गत वर्ष संकाय, अनुसन्धानकर्ता तथा विद्यार्थी आदानप्रदान, अनुसन्धान तथा आविष्कारका क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले समझदारीपत्र ( एमओयू) मा हस्ताक्षर भएको थियो। उक्त समझदारी कार्यान्वयनको चरणमा प्रड्यू युनिभर्सिटीका एक जना फ्याकल्टीसहित चार जना विद्यार्थी नेपाल आएका हुन्। उनीहरुले पोखरा, चितवन, लुम्बिनी र इलामलगायतका पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको भ्रमण गर्दै नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाबारे अध्ययन गरेका बताइएको छ।

नेपाल भ्रमणका क्रममा प्राप्त अनुभवप्रति सन्तुष्टि व्यक्त गर्दै प्रड्यू युनिभर्सिटीका निर्देशक डा. रमेश न्यौपानेले पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. विजुकुमार थपलिया तथा विश्वविद्यालयका पदाधिकारीहरुसँग अन्तरक्रिया गर्न पाउँदा खुशी लागेको बताए। उनले आगामी दिनमा पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत अध्ययनरत विद्यार्थी र प्राध्यापकहरुलाई समेत प्रड्यू युनिभर्सिटी भ्रमण तथा अध्ययनको अवसर खुल्ने जानकारी दिए।

टोलीले जनकपुरधामहुँदै भक्तपुरको झौखेलस्थित मानव कल्याण समाज आश्रमको समेत अवलोकन गरेको थियो। सडक मानवलाई संरक्षण तथा सेवा प्रदान गर्दै आएको उक्त संस्थासँग भविष्यमा सहकार्य गर्न इच्छुक रहेको अमेरिकी विद्यार्थीहरुले बताएका छन्। संस्थाकी अध्यक्ष सुमी मानवसँग पनि टोलीले छलफल गरेको जनाएको छ।

यसैबीच, प्रड्यू युनिभर्सिटीको टोलीले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त केही कलेजहरुको भ्रमणसमेत गरेको थियो। अन्तिम चरणमा हिलसाइड कलेज अफ इन्जिनियरिङमा आयोजित अन्तरक्रियामा बीआईटी, सिभिल, इलेक्ट्रीकल तथा कम्प्युटर इन्जिनियरिङ अध्ययनरत विद्यार्थीहरुलाई अमेरिकामा उच्च शिक्षा अध्ययनका सम्भावनाबारे जानकारी दिइएको थियो।

निर्देशक डा. न्यौपानेले प्रड्यू युनिभर्सिटीमा मास्टर्स अध्ययन गर्न इच्छुक विद्यार्थीलाई आवेदन, आइ-ट्वान्टी तथा भिसा प्रक्रियामा आवश्यक सहजीकरण गरिने जानकारी दिए। साथै, +२ अध्ययनरत विद्यार्थीहरुले पनि स्नातक तहका लागि आवेदन दिन सक्ने व्यवस्था रहेको उनले स्पष्ट पारे।

# निर्देशक समाजको अध्यक्षमा प्रधान निर्वाचित

काठमाडौं/ चलचित्र निर्देशक समाजको अध्यक्षमा अरुणकुमार प्रधान निर्वाचित भएका छन्। मंगलबार भएको निर्वाचनमा उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी जनकदीप पराजुलीलाई फराकिलो मतान्तरले पराजित गरेका हुन्।

निर्वाचनमा कुल १५९ मत खसेको बताइएको छ। प्रधानले १०९ मत प्राप्त गर्दा पराजुलीले ४६ मत पाएका बताइएको छ। यसैगरी उपाध्यक्षका दुई पदमा सुवास गजुरेल र दीपक वली निर्वाचित भएका छन्। गजुरेलले ९५ तथा वलीले ७१ मत प्राप्त गरी विजयी भएको जनाइएको छ।

यस्तै, महासचिवमा समुन्द्र भट्टले १०६ मत पाएर विजयी हुँदा उनका प्रतिस्पर्धी कमल एक्वै मगरले ४७ मत प्राप्त गरेका बताइएको छ। सचिव पदमा राजबहादुर साने ८० मतसहित निर्वाचित भए भने अमर ओलीले ४६ र दिनेश लिङ्देनले २८ मत प्राप्त गरी पराजित बन्नु परेको जनाइएको छ। यसरी विभिन्न पदमा निर्वाचन भएको भए पनि कोषाध्यक्ष पदमा जनक खड्का निर्विरोध निर्वाचित भएका थिए। यसैगरी सहकोषाध्यक्षमा उत्सव के.सी. ६७ ले मतसहित विजयको माला पहिरिएका थिए।

त्यसैगरी, सदस्य पदमा लक्ष्मण सुवेदी, लक्ष्मण सुनार, साकार पन्त, अमर दीप सापकोटा, शिव शर्मा कँडेल र हस्तबहादुर लिम्बू निर्विरोध निर्वाचित भएका भनी जनाइएको छ।

यसैबीच नवनिर्वाचित कार्यसमितिले नेपाली चलचित्र निर्देशकहरूको हकहित संरक्षणसँगै चलचित्र क्षेत्रको व्यावसायिक विकास र सुदृढीकरणमा सक्रिय भूमिका खेल्ने अपेक्षा चलचित्रकर्मीहरुको रहेको छ।

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।

तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।

न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

## काँग्रेसभित्रको ...

कतिपय राजनीतिक रूपमा कमजोर देखिए। यही अवस्थाले कांग्रेसभित्रको अहिलेको असन्तुष्टि वैचारिक भन्दा पनि शक्तिकेन्द्रित र भविष्यको भूमिकासँग सम्बन्धित रहेको बुझ्न कठिन छैन। वास्तवमा अहिले कांग्रेसभित्रको मुख्य संघर्ष "कसले नेतृत्व गर्ने" भन्दा पनि "कसरी नेतृत्व स्वीकार गर्ने" भन्ने मनोविज्ञानमा केन्द्रित देखिन्छ।

पछिल्लो समय खड्का, कोइराला लगायतका नेताहरूले "कांग्रेसलाई मिलाउने जिम्मा सभापति गगन थापाको हो" भन्ने अभिव्यक्ति सार्वजनिक रूपमा दिइरहेका छन्। सतहमा हेर्दा यो एकताको पक्षमा बोलेको जस्तो देखिए पनि व्यवहारमा भने समानान्तर गतिविधि रोकिएको छैन। छुट्टाछुट्टै भेला, शक्ति प्रदर्शनी, दबाब समूह निर्माण र सार्वजनिक असन्तुष्टि प्रकट गर्ने काम जारी छ।

अर्कोतर्फ, प्रकाशमान सिंह तथा विमलेन्द्र निधि जस्ता नेताहरू पनि पूर्ण रूपमा खुला विद्रोहमा नदेखिए पनि प्रतीक्षाको राजनीतिमा बसेको आभास हुन्छ। उनीहरू न त पूर्ण सहकार्यमा देखिन्छन्, न पूर्ण विरोधमा। यही "बीचको राजनीति" ले कांग्रेसलाई स्वाभाविक रूपमा अघि बढ्न कठिन बनाइरहेको छ।

यथार्थ के हो भने अहिले कांग्रेसलाई सबैभन्दा बढी आवश्यक कुरा स्पष्ट दिशा हो। लामो समयदेखि कांग्रेस "सबैलाई मिलाएर लैजाने" नाममा निर्णयहीनताको शिकार बन्दै आएको थियो। गुट व्यवस्थापनमै ऊर्जा खर्च हुँदा संगठन कमजोर भयो, कार्यकर्ता निराश भए र मतदातामा पनि कांग्रेसप्रतिको भरोसा घट्दै गयो। यही कारण पछिल्ला वर्षहरूमा नयाँ पुस्ताले वैकल्पिक राजनीतिक शक्तितर्फ आकर्षण देखाएको थियो।

यस्तो अवस्थामा गगन थापाको उदय केवल एउटा व्यक्तिको उदय होइन, कांग्रेसभित्र नयाँ पुस्ताको मनोविज्ञान र परिवर्तनको चाहनाको उदय पनि हो। उनको पक्षमा देखिएको समर्थन केवल भाषणकला वा लोकप्रियताको कारण होइन; बरु उनीभित्र देखिएको निर्णयक्षमता पनि हो। यसैगरी ऊर्जा, राजनीतिक जोखिम लिन सक्ने आत्मविश्वास र "अब कांग्रेस बदलिनुपर्छ" भन्ने सन्देश पनि थापाको उदयको अर्को कारण हो। अहिले धेरै कांग्रेस समर्थक, शुभेच्छुक तथा लोकतान्त्रिक विचार राख्ने मतदाताले कांग्रेसलाई पुनर्जीवित गर्न सक्ने सम्भावना गगन नेतृत्वमै देखिरहेका छन्।

गगन सामु चुनौती पनि कम छैन। उनले अब आफूलाई कुनै एउटा गुटको नेता होइन, सम्पूर्ण कांग्रेसको साझा नेतृत्वका रूपमा स्थापित गर्नुपर्नेछ। त्यसका लागि उनी लचिलो पनि हुनुपर्छ र दृढ पनि। अहिले उनी धेरै नै सहनशील र संवादमुखी देखिएका छन्। यदि लचकताको अर्थ निरन्तर दबाब सहेर मात्र बस्ने भयो भने नेतृत्वको प्रभावकारिता कमजोर बन्न सक्छ। पार्टी सञ्चालनमा स्पष्टता, अनुशासन र निर्णय क्षमता पनि उत्तिकै आवश्यक हुन्छ।

असन्तुष्ट पक्षका नेताहरूले पनि एउटा यथार्थ बुझ्नुपर्ने बेला आएको छ। यदि उनीहरूले कांग्रेसबाट अलग भएर नयाँ दल गठन गर्ने बाटो रोजे भने त्यसले तत्काल केही चर्चा त पाउन सक्छ, तर दीर्घकालीन राजनीतिक प्रभाव अत्यन्त सीमित हुने सम्भावना बढी छ। नेपालको राजनीतिक इतिहासमा विभाजनबाट जन्मिएका धेरै दलहरू अन्ततः अस्तित्व जोगाउन संघर्षरत अवस्थामा पुगेका उदाहरण प्रशस्त छन्। वामदेव गौतम नेतृत्वको तात्कालिन नेकपा (माले) को अहिलेको अवस्था त्यसको एउटा स्पष्ट उदाहरणका रूपमा हेरिन्छ। केवल असन्तुष्टि र अहंकारको आधारमा बनेका दलहरूले जनताको दीर्घकालीन विश्वास जित्न सकेका छैनन्।

आजको नेपाली राजनीति निकै परिवर्तन भइसकेको छ। जनताले अब केवल नाम, वंश वा इतिहास हेरेर मत दिने अवस्था छैन। उनीहरूले परिणाम खोजिरहेका छन्। सुशासन, सेवा प्रवाह, आर्थिक सुधार, रोजगारी र स्थिरताको कुरा अहिले उठ्न थालेको छ। यही पृष्ठभूमिमा वर्तमान बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारप्रति पनि विभिन्न तहमा असन्तुष्टि बढ्दै गएको चर्चा सुनिन थालेको छ। शुरुवाती उत्साह र वैकल्पिक राजनीतिक आशाको प्रतीकका रूपमा देखिएको आकर्षण अहिले व्यावहारिक परीक्षणको कठोर चरणमा पुगेको छ। प्रशासनिक समन्वय, राजनीतिक परिपक्वता, नीति कार्यान्वयन र जनअपेक्षाको व्यवस्थापनमा देखिएका चुनौतीहरूले जनतामा निराशा बढाएको देखिन्छ।

यही परिस्थितिमा कांग्रेसले आफूलाई जिम्मेवार, अनुभवी र स्थिर विकल्पका रूपमा उभ्याउन सक्यो भने पुनरागमनको ठूलो सम्भावना छ। त्यो सम्भावना केवल सरकारको कमजोरीले मात्र निर्माण हुँदैन। कांग्रेस आफैं विश्वसनीय बन्नुपर्छ। जनताले "अरूभन्दा कम खराब" होइन, "वास्तवमै सक्षम" विकल्प खोजिरहेका छन्। त्यसैले कांग्रेसले अब विगतको गौरवको कथा मात्र होइन, भविष्यको स्पष्ट दृष्टि पनि दिन सक्नुपर्छ।

गगन थापाले पार्टीभित्र युवा र पुरानो पुस्ताबीच सन्तुलन कायम गर्दै संगठनलाई कार्यक्रममुखी बनाउन सक्नुपर्ने अवस्था छ। यसैगरी कार्यकर्तालाई सक्रिय र आशावादी बनाउने तथा जनताको दैनिक जीवनसँग जोडिएका विषयहरुलाई समयमै सम्वोधन गर्न सक्नुपर्ने हुन्छ। यसका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, अर्थतन्त्र र सुशासमा स्पष्ट मार्गचित्र (रोडम्याप) दिन सके भने कांग्रेस फेरि राष्ट्रिय राजनीतिमा केन्द्रमा फर्कन सक्छ। त्यसका लागि पार्टीभित्र निरन्तर चलिरहेको शक्तिसंघर्षलाई अन्त्य गर्नु अपरिहार्य छ।

कांग्रेस एक ढिक्का भएर अघि बढ्नका लागि अब केही आधारभूत राजनीतिक संस्कार विकास गर्नैपर्ने अवस्था आएको छ। पहिलो, नेतृत्व परिवर्तनलाई स्वाभाविक लोकतान्त्रिक प्रक्रिया भनेर स्वीकार गर्ने संस्कार बसालिनुपर्छ। दोस्रो, पार्टीभित्र असन्तुष्टि राख्ने अधिकार रहँदा रहँदै पनि समानान्तर संरचना र निरन्तर दबाबको राजनीतिलाई निरुत्साहित गर्नुपर्छ। तेस्रो, गगन थापाले असन्तुष्ट पक्षलाई अपमानित होइन, सम्मानित अनुभूति गराउँदै जिम्मेवारी बाँडफाँट गर्नुपर्छ। त्यो जिम्मेवारी पार्टीलाई बन्धक बनाउने सर्तमा भने होइन। चौथो, कांग्रेसले अब व्यक्तिकेन्द्रित गुट राजनीतिभन्दा माथि उठेर नीति, कार्यक्रम र संगठनलाई केन्द्रमा राख्नुपर्छ। पाँचौं, पुराना नेताहरूले पनि आफ्नो अनुभवलाई अवरोध होइन, मार्गदर्शनमा रूपान्तरण गर्नुपर्ने बेला आएको छ।

यदि कांग्रेसभित्र पुस्तान्तरणलाई संघर्षको विषय होइन, स्वाभाविक राजनीतिक विकासको रूपमा स्वीकार गर्न सकियो भने मात्रै पार्टी दीर्घकालीन रूपमा बलियो बन्न सक्छ। अन्यथा व्यक्तिगत अहंकार, अविश्वास र शक्ति-संघर्षले कांग्रेसलाई कमजोर बनाइरहनेछ। यदि अहिलेको नेतृत्व र असन्तुष्ट पक्ष दुवैले समयको संकेत बुझेर सहकार्यको बाटो रोजे भने कांग्रेस फेरि नेपाली राजनीतिमा निर्णायक शक्ति बन्न सक्ने आधार अझै समाप्त भएको छैन।

योसँगै असन्तुष्ट रहेको भनिएका नेताहरुले पनि नयाँ पार्टी खोलेर बस्ने जमर्को गर्ने पक्षमा सोच्नु ठीक हुन्न। जिन्दगीभरी कांग्रेसमा रहेर राजनीति गरी आफ्नो पहिचान पनि कांग्रेस भएकै कारण बनाएका नेता-नेतृहरुले हालको बदलिँदो परिवेशलाई बुझ्नु जरुरी छ। उनीहरुले पनि आफूलाई समय सापेक्ष बनाई कांग्रेसको वृहत्तर हितलाई ध्यानमा राखी नयाँ पुस्ताको नेतृत्वलाई स्वीकारेर कांग्रेसलाई चलायमान बन्न दिनु उचित हुन्छ। यसैगरी गगन थापा लगायतका हालको नेतृत्वमा रहेका नेता-नेतृहरुले पनि पुराना पुस्ताकाहरुको सम्मानजनक बहिर्गमनको लागि अवसर प्रदान गर्नु उचित हुन्छ।

सिंगो कांग्रेस नै मर्माहत भएको यो बेला इतर पक्ष भन्दै विभिन्न किसिमका समानान्तर गतिविधि गर्ने कार्य बन्द गरिनुपर्छ। उहाँहरुले आफैंलाई स्थापित गर्ने भन्दा पनि कांग्रेसको हितलाई ध्यानमा राखी आफूलाई खुल्ला रुपमा प्रस्तुत गर्नु उचित हुन्छ। यसैगरी कसैलाई कांग्रेसको अबको नेतृत्व गर्ने चाहना छ भने उहाँले अबको वैधानिक प्रतिस्पर्धाबाट आफूलाई स्थापित गराउन सक्ने अवस्था पनि विद्यमान नै देखिन्छ।

त्यसका लागि आगामी १५औं महाधिवेशनलाई माध्यम बनाउन सक्ने अवस्था छँदैछ। हिजोका दिनमा २०१६ सालमा कांग्रेसको महाधिवेशनमा भूराज राईले कांग्रेसको नेतत्वका लागि बी.पी.कोइरालासँग प्रतिस्पर्धा गरेको नजीर छँदैछ। यसैगरी शेरबहादुर देउवा, सुशील कोइराला आदि पनि प्रतिस्पर्धाबाटै आउनु भएको हो। त्यसैले प्रतिस्पर्धालाई कांग्रेसले सधैं स्वीकारेकै कुरा हो।

अबका दिनमा गगन वा विश्वप्रकाश शर्मा वा अरु कोही पनि कांग्रेसको नेतृत्वका लागि उम्मेदवार बन्न सक्ने देखिएको छ। यसैगरी नयाँ पार्टी बनाएर सानो झुण्डको नेता बन्ने चाहना राख्नु भन्दा पूर्णबहादुर खड्का, शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंहहरुले आफूलाई प्रतिस्पर्धामा उतारे हुन्छ। आफ्नो हैसियत जाँची आएको परिणामलाई स्वीकार्नु सबैका लागि लोकतान्त्रिक संस्कार भित्रै पर्ने कुरा पनि हो।

त्यसैले कांग्रेसमा विद्रोह वा विग्रहको मार्ग कोर्ने कार्यमा कोही पनि लाग्नु उचित हुन्न। अघिल्लो पुस्ताले नयाँ पार्टी बनाएर चलाउन सक्ने अवस्था पनि रहन्न। वामदेव गौतमको हाल हुनुभन्दा सहज बहिर्गमनको मार्गमा जाँदा राम्रो हुन्छ। इतर पक्षमा देखिएका भनिएका नेता-नेतृहरुले यसअघि कांग्रेसमा भएकै कारण आफ्नो हैसियत बनाएको कुरालाई विर्सनु हुन्न। उनीहरुले त टाङ अडाएर बस्नु भन्दा पनि सहज निकासको लागि मार्ग प्रशस्त गरिदिनु उचित देखिन्छ। त्यसो गर्न नचाहनेले आगामी महाधिवेशनमा आफूलाई उम्मेदवार बनाएर आफ्नो उम्मेदवारीलाई परीक्षण गराउनु पनि उचितै हुन्छ।

## रास्वपा ...

रहेका छन्। सांसद गुरुङ अस्वाभाविक सम्पत्ति र शेयर प्रकरणमा मुछिएको अवस्थामा उच्च अदालतका पूर्वन्यायाधीश अच्यूतप्रसाद भण्डारीको अध्यक्षतामा तीन सदस्यीय छानविन समिति गठन भएको छ। गुरुङले व्यवसायी दीपक भट्टको शेयर कम्पनी शेयर खरिद गरेपछि विवादित बनी पदबाट राजीनामा दिएका थिए। छानविन समितिले चोख्याएपछि पुनः गृहमन्त्रीमै फर्क्याउने राजनीतिक वृत्तमा चर्चा चलेको बेला युवती लिएर रिसोर्टमा पुगेको घटनाले उनको नियत छर्लङ्ग भएको छ। भोटेकोशी हेलि रिसोर्टमा युवतीसहित पक्राउ परेका पूर्वगृहमन्त्रीको सिसिटिभी फुटेज बेपत्ता बनाइएको समाचारमा उल्लेख छ।

यसैगरी मोरङ - २ बाट निर्वाचित रास्वपा सांसद कृष्णकुमार कार्की र नाइजेरियन महिला बीचको शारीरिक सम्पर्क तथा गर्भवती काण्डले चर्चित बनेका बेला रास्वपा सांसद आशिका तामाङले कसैलाई अन्याय हुनु हुँदैन र कसैले अन्याय गर्छ भने छोड्नु हुन्न भन्दै प्रतिकृया दिएपछि सांसद कार्की अप्ठ्यारोमा परेका छन्। सांसदको तिनै व्यक्ति जस्ले सिंहदरबार जलाउन अभिप्रेरित गरेको भिडियो सार्वजनिक भएको छ। लामो समय जापान बसेर नेपाल फर्किएको कार्की मोरङ-२ बाट चुनाव जित्न सफल भएका थिए।

यसरी रास्वपाका सांसदहरुको कर्तुत एकपछि अर्को गरी बाहिरिएपछि पार्टी धर्म संकटमा फसेको चर्चा छ।

## काँग्रेस ...

खोलेको छ। इतर समूहमा काँग्रेसको देउवा पक्षधरका नेताहरुको नेतृत्व पूर्व उपसभापति पूर्णबहादुर खड्काले गरेका छन्। आगामी १५ औ महाधिवेशनको निष्पक्षताका लागि भनिए पनि यो समूहले ६०/४० को पुरानो भागवण्डालाई कायमै राखेर गुटलाई जिवित राख्न खोजेको आरोप लागेको छ।

यसैगरी संस्थापन पक्ष महाधिवेशनको तयारीमा लाग्दा इतर पक्ष कृयाशील सदस्यता अधावधिक नगरी १४ औ महाधिवेशनलाई नै मान्यता दिएर अगाडि बढ्नुपर्ने भन्ने पक्षमा देखिएको बताइएको छ। यस्तै, सो हुन नसके छुट्टै महाधिवेशन गरेर पार्टी विभाजन गर्ने तर्फ अगाडि बढेको काँग्रेस श्रोतले जानकारी दिएको छ। १५ औं महाधिवेशनका लागि कृयाशील सदस्यता नवीकरण गर्दा आफूहरु बढारिन सक्ने डरले कोइराला पक्ष पनि कृयाशील सदस्यता अधावधिक नगरी १४ औंलाई नै कायम गर्नुपर्ने पक्षमा देखिएको छ। काँग्रेस संस्थापन पक्ष र इतरपक्षको गतिविधिले पार्टी विभाजनको डिलमा पुगिसकेको भनी नेता खड्काले भन्ने गरेका छन्।

इतर पक्षले पार्टी विभाजन गरेर शंख चुनावचिन्ह लिने तयारीमा जुटिसकेको जानकारहरुले बताएका छन्। खासगरी काँग्रेस संगठित पुस्तान्तरण र रुपान्तरण भएर अघि बढेको देख्न नचाहने पदका मोहका व्यक्तिहरु इतर पक्षमा कृयाशील रहेको श्रोतले जानकारी दिएको छ। इतर समूहमा पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला प्रकाशशरण महत, मोहनबहादुर बस्नेत, रामहरि खतिवडा, रमेश लेखक, एन.पी. सावद लगायतका पुराना नेताहरु आवद्ध रहेका छन्।

कांग्रेसको आधिकारिक नेतृत्वमा गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, गुरुराज घिमिरे लगायतका युवापुस्ता रहेका छन्। पार्टी सभापति थापाले सबैलाई समेट्ने गरी केन्द्रीय कार्य समिति विस्तार गर्ने र एकताका लागि भन्दै जपेको माला सफल बन्न नसक्दा कार्यकर्ताहरु रनभूल्लमा परेको बताइएको छ।

स्मरणरहोस् पूर्व सभापति शेरबहादुर देउवाको पालामा निष्पक्षताको प्रश्न उठाएका गगन अहिले आफै त्यही घेरामा परेका छन्। तथापी शक्ति सङ्घर्सको होडबाजीले दुबैपक्ष कमजोर त हुन्छ नै तर कांग्रेस पनि समाप्तिको दिशा तर्फजाने शुभचिन्तकहरूको ठहर छ।

अहिले संसदमा कांग्रेसको भुमिका अत्यन्त कमजोर भएको अवस्थामा दुबै पक्षले मनन् गर्न जरूरी देखिन्छ। जसरी हुन्छ कांग्रेसले मिलनबिन्दु खोज्नै पर्दछ। अनि मात्र कांग्रेसलाई माया गर्नेहरूको मुहार चम्किलो बन्नेछ।

## पुराना ...

आकांक्षा र व्यवस्थापनको प्रश्न उठिरहेको छ।

उता, कांग्रेसभित्र पनि अवस्था कम पेचिलो छैन। विशेष महाधिवेशनपछि गगन थापा नेतृत्वमा आएको कांग्रेसलाई लिएर पार्टीभित्रै असन्तुष्ट धार सक्रिय देखिएको छ। निर्वाचन आयोग र सर्वोच्च अदालतबाट समेत थापा नेतृत्वलाई आधिकारिक मान्यता प्राप्त भइसकेको अवस्थामा पनि कांग्रेसमा किचलो कायमै राखिएको छ।

कांग्रेसका पुराना प्रभावशाली नेताहरू भने थापा नेतृत्वसँग पूर्ण रूपमा सहज देखिएका छैनन्। पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, प्रकाशमान सिंह, डा. शशांक कोइराला, प्रकाशशरण महत, कृष्णप्रसाद सिटौला लगायतका नेताहरू पार्टीको वर्तमान संरचना र निर्णय प्रक्रियाप्रति सन्तुष्ट नरहेको चर्चा कांग्रेस वृत्तमा चलिरहेको छ।

थापा नेतृत्वले आगामी १५औँ महाधिवेशनको तयारी, संगठन पुनर्संरचना र पुस्तान्तरणको अजेन्डालाई प्राथमिकता दिइरहेको बेला पुराना नेताहरूले समानान्तर गतिविधि बढाएको आरोप थापा निकट नेताहरूको छ। काठमाडौंमा छुट्टै सम्पर्क कार्यालय सञ्चालन गरिएको विषयलाई समेत कांग्रेसभित्रको शक्ति संघर्षको संकेतका रूपमा हेरिएको छ।

राजनीतिक विश्लेषक हरि रोका भन्छन्, "कांग्रेसभित्र अहिले मूल संघर्ष विचारको भन्दा पनि पुस्ता परिवर्तनको हो। पुरानो नेतृत्व आफ्नो प्रभाव जोगाउन चाहन्छ भने नयाँ पुस्ता निर्णायक रूपमा नेतृत्व सम्हाल्न चाहन्छ।"

कतिपय राजनीतिक वृत्तमा असन्तुष्ट समूहले नयाँ दल गठन गर्न सक्ने चर्चा पनि चलिरहेको छ यद्यपि त्यसबारे औपचारिक निर्णय वा घोषणा भइसकेको छैन। कांग्रेसभित्रका धेरै शुभेच्छुक र दोस्रो तहका नेताहरू भने विभाजन वा समानान्तर शक्ति केन्द्र निर्माणले पार्टीलाई थप कमजोर बनाउने चेतावनी दिइरहेका छन्।

बागमती प्रदेशका मुख्यमन्त्री एवम् कांग्रेसका प्रदेश सभापति इन्द्रबहादुर बानियाँले भने सार्वजनिक रूपमा अदालत र संवैधानिक निकायबाट मान्यता प्राप्त नेतृत्वलाई स्वीकार गर्नुपर्ने धारणा राखेका छन्। उनले लोकतान्त्रिक प्रक्रियाबाट स्थापित संरचनालाई अस्वीकार गरेर अघि बढ्न खोज्नु उचित नहुने बताएका छन्।

विश्लेषकहरूका अनुसार अहिले एमाले र कांग्रेस दुवै दल एउटै प्रकारको संक्रमणबाट गुज्रिरहेका छन्। दशकौंसम्म एउटै नेतृत्व वरिपरि घुमेका यी दलहरू अब पुस्तान्तरण र नेतृत्व व्यवस्थापनको कठिन मोडमा पुगेका छन्। नयाँ पुस्तालाई स्थान दिने कि पुरानै संरचनालाई कायम राख्ने भन्ने प्रश्नले दुवै दललाई असहज बनाएको देखिन्छ। पछिल्ला राजनीतिक घटनाक्रमले पुराना दलहरूको संगठनात्मक कमजोरी, आन्तरिक अविश्वास र नेतृत्व संकटलाई सतहमा ल्याएको टिप्पणी हुन थालेको छ। विशेषगरी युवा पुस्तामा वैकल्पिक राजनीतिक शक्तिप्रति आकर्षण बढिरहेका बेला पुराना दलभित्रको किचलोले उनीहरूको विश्वसनीयतामै प्रश्न उठाउन थालेको विश्लेषकहरूको भनाइ छ। राजनीतिक टिप्पणीकार चन्द्रकिशोर भन्छन्, "दलहरूभित्र स्वस्थ प्रतिस्पर्धा हुनु लोकतन्त्रका लागि राम्रो हो। नेतृत्व संघर्ष व्यक्तिगत प्रतिशोध, गुटीय स्वार्थ र शक्ति कब्जाको रूपमा विकसित भयो भने त्यसले दललाई मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउँछ।"

अहिलेको अवस्था हेर्दा एमालेमा ओलीपछिको शक्ति समीकरण कसरी बन्छ र कांग्रेसमा गगन थापा नेतृत्वले पुरानो पुस्तासँग कसरी सहकार्य कायम गर्छ भन्ने प्रश्न नै नेपाली राजनीतिका आगामी दिनका प्रमुख चासोका विषय बनेका छन्। पुराना दलहरूभित्रको यही कचिंगलले अबको राजनीतिक दिशा निर्धारण गर्ने संकेत देखिन थालेको छ।

यसैबीच सत्तापक्ष अर्थात राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिपक्षी दलहरुलाई पेलेको महसुस प्रतिपक्षी दलहरुले गर्न थालेका छन्। केन्द्रमा रास्वपाले पेलेको अवस्थामा प्रदेशमा रास्वपालाई टक्कर दिनुपर्ने पक्षमा कांग्रेस, एमाले तथा नेकपा देखिएका छन्। त्यसैले उनीहरुले त्रिपक्षीय वार्तालाई अघि बढाएको अवस्था छ। प्रदेशमा हाल चारवटा प्रदेशको नेतृत्व कांग्रेसले गरिरहेको छ। यसैगरी तीनवटामा एमालेको नेतृत्व छ। यस्तो स्थितिलाई ख्याल गरी सुदूरपश्चिम प्रदेशमा नेकपालाई नेतृत्व दिने गरी तीन दलका बीचमा सल्लाह हुन थालेको बताइएको छ। एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले यसको लागि पहल गर्दै आएको तथा कांग्रेसका शीर्ष नेताहरु पनि सकारात्मक रहेको बताइएको छ।

कांग्रेसले पूर्वसहमति अनुसार प्रदेशको नेतृत्व हेरफेरका लागि एमालेसँग कुरा गरिरहेको हो। यही सन्दर्भमा ओलीले भने तीनवटै दल मिलेर जानुपर्ने अवस्था आएको भनी भन्न थालेको पनि स्रोतले बताएको छ।

## कमजोर ...

महेन्द्र राजमार्ग अन्तर्गतको दाउन्ने सडक खण्ड यो असारसम्म निर्माण हुने भएपछि विगत वर्षहरुमा सास्ती खेपेर घण्टौं जाममा बस्न बाध्यकारी अवस्थाको अब अन्त्य हुने भएको छ। भूतले खाजा खाने समयमा मन्त्री बनेका लम्सालको २ महिना पूरा हुन लाग्दा सडकको भौतिक प्रगति टिठ लाग्दो अवस्थामा छ। बिटुमिनको अभावले कालोपत्रे गर्न ठिक्क पारेका सडकहरु असरल्ल बनेका छन्। यस्तो अवस्थामा कञ्चनपुर-कमला सडक आयोजनाको म्याद चौथो पटक थपेर राज्यलाई तीन अर्बको व्ययभार बढाइने तयारीमा आयोजना जुटेको छ।

२०७७ असार ११ गते सम्झौता भएको उक्त सडक २०८० कात्तिकभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि हालसम्म ६८ प्रतिशत मात्र भौतिक प्रगतिमा पुगेपछि कमजोर आयोजना व्यवस्थापन भनी चर्चा शुरु भएको छ। चाइना रेल्वे नं. २ इन्जिनियरिङ ग्रुपलाई दोषको भारी बोकाइएको छ।

सडकमा लागत र समयको हेक्का राख्न नसक्दा कर्मचारीको सरूवा हुनु बाहेक अरू थप दण्डित हुन नपरेपछि योजना र डिभिजन प्रमुखहरू सके कमाउने नसके यथास्थितीमा 'राजाको काम कैले जाला घाम' भनी समय बिताउने गरेको च र्चा चलेको छ। तथापी सडक बिभागका महा निर्देशक डा.बिजय जैशी भने बिगतको ढिलासुस्तीलाई पाखँ लगाउँदै १ कदम अगाडि बढेको श्रोतले जानकारी दिएको छ।

## परम्परा ...

स्पष्ट नहुँदा सरकारको शैलीमाथि प्रश्न उठ्न थालेको हो।

रोचक त के छ भने, सत्तारुढ दलभित्रैबाट पनि असन्तुष्टिका श्वर सुनिन थालेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसद अमरेशकुमार सिंहले सार्वजनिक रूपमै संसद्को गरिमा कमजोर हुने गतिविधिको विरोध गरेका छन्। उनले संसद् र संसदीय प्रक्रियालाई बेवास्ता गर्ने प्रवृत्ति लोकतान्त्रिक प्रणालीका लागि घातक हुनसक्ने चेतावनी दिएका छन्। सिंहको अभिव्यक्तिलाई केवल व्यक्तिगत असहमति मात्र नभई सरकारभित्र बढ्दो वैचारिक असन्तुलनको संकेतका रूपमा समेत हेरिएको छ।

नेपालको संसदीय इतिहासमा सरकार र संसद्बीच कहिलेकाहीँ तनाव देखिने गरेका भए पनि प्रधानमन्त्री स्वयं संसद्प्रति उदासीन देखिएको अवस्था भने कमै देखिएको विश्लेषकहरु बताउँछन्। लोकतन्त्रमा सरकारको वैधता संसद्बाट प्राप्त हुने भएकाले संसद्को सम्मान गर्नु सरकारको पहिलो दायित्व मानिन्छ। संसद्मा उपस्थित भएर प्रश्नको सामना गर्नु, आलोचनाको जवाफ दिनु र नीतिगत बहसमा सहभागी हुनु कुनै औपचारिकता मात्र नभई उत्तरदायी शासनको आधार हो।

राजनीतिक विश्लेषकहरुका अनुसार नयाँपनको नाममा स्थापित लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाउने प्रयास दीर्घकालीन रूपमा प्रणालीकै लागि हानिकारक बन्न सक्छ। जनताले वैकल्पिक शक्तिलाई दिएको समर्थन केवल परम्परा तोड्नका लागि नभई अझ जिम्मेवार, पारदर्शी र उत्तरदायी शासनको अपेक्षासहित दिएको जनादेश हो। संसद्लाई नै गौण बनाउने संकेत देखा परे त्यसले लोकतान्त्रिक संस्थामाथिको विश्वास कमजोर पार्न सक्ने खतरा रहने उनीहरुको तर्क छ।

अहिलेको विवादले एउटा गम्भीर प्रश्न उठाएको छ, त्यो भने के सरकार साँच्चै नयाँ राजनीतिक संस्कार निर्माण गर्न खोजिरहेको छ ? वा संसदीय अभ्यासलाई अनावश्यक बोझका रूपमा हेर्न थालेको छ ? यसको उत्तर आगामी दिनमा सरकारको व्यवहार, संसद्प्रतिको उत्तरदायित्व र लोकतान्त्रिक संस्थाप्रतिको सम्मानले नै दिनेछ।

OFFSET PRESS WORK
PAPER DESIGN
CALANDER DESIGN
FLEX BOARD PRINT
STAMP PRINT & Many More...
Pranish Design & Print
Mitrapark, Chabahil, (Behind Telecom)
Ph: 9841475151 / 014462939

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाइ
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्र्याक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली-१४, नवलपुर

# नेपाली भाषा सिकाउने 'पहिलो पाइला' एप



काठमाडौं/ 'पहिलो पाइला' नामक नयाँ डिजिटल लर्निङ प्लेटफर्म एप सार्वजनिक गरिएको छ। नेपाली भाषा, संस्कृति तथा आधुनिक शिक्षालाई विश्वभरका बालबालिकासम्म सहज रूपमा पुऱ्याउने उद्देश्यले यो एप ल्याइएको बताइएको छ। शुक्रबार यो एपको यहाँ शुभारम्भ गरियो।

बालबालिकालाई अन्तरक्रियात्मक र व्यवस्थित डिजिटल पाठ्यक्रममार्फत नेपाली भाषा, संस्कृति र आधुनिक शिक्षामा पहुँच विस्तार गर्ने लक्ष्य लिइएको सो अवसरमा जानकारी दिइयो।

शुभारम्भ कार्यक्रममा वरिष्ठ शिक्षाविद् सुशीलभक्त माथेमा, वरिष्ठ गायिका लोचन भट्टराई, कवि तथा गीतकार आनन्द अधिकारी, संस्थापक मधु न्यौपाने तथा अभिनेत्री एवं ब्रान्ड एम्बासडर केकी अधिकारीले संयुक्त रूपमा एप सार्वजनिक गरेका थिए। आयोजक संस्था पहिलो पाइला एजुकेशनका संस्थापक मधु न्यौपानेका अनुसार डिजिटल विद्यालयको अवधारणाअन्तर्गत यो एप तयार गरिएको हो। यस एपले सिकाइलाई मनोरञ्जनसँग जोड्दै बालबालिकालाई नेपाली भाषा, संस्कार र सांस्कृतिक मूल्यका साथै विज्ञान, गणित र सामाजिक अध्ययनजस्ता विषय आधुनिक तथा खेलआधारित विधिबाट अध्ययन गराउने बताइएकोछ।

संस्थापक न्यौपानेले एप बालबालिकामा पढ्ने बानीको विकास गराउने, सिर्जनशीलता र विश्लेषणात्मक सोच अभिवृद्धि गर्ने उद्देश्यले निर्माण गरिएको बताए। उनले विश्वभर रहेका नेपाली मूलका बालबालिकालाई डिजिटल माध्यममार्फत आफ्नो भाषा र सांस्कृतिक जरोसँग पुनः जोड्ने लक्ष्य रहेको उल्लेख गरे। त्यसो त न्यौपाने स्वयम् नै नेपाली भाषी भुटानी नागरिक हुन्। नेपालमा केही वर्ष शरणार्थी जीवन विताएका उनी हाल अमेरिकामा बस्दै आएका भनी कार्यक्रममा उनले जानकारी गराए।

नेपाली भाषी भएकै कारण आफूहरु शरणार्थी जीवन जिउन बाध्य भएको आफ्नो वेदना सो अवसरमा पोखेका थिए। उनले नेपाली भाषाको विकासका लागि आफू अमेरिकामा सक्रिय रहेको जानकारी दिंदै उनले भने, 'यो एपको सबै पक्ष नेपाल र नेपालीसँग जोडिएका कारण यसको शुभारम्भ गर्न पनि नेपाल नै आएका हौं। यो एपमार्फत विश्वव्यापी रुपमा नेपाली भाषा र संस्कृतिको विकासका पहल गर्नेछौं।

कार्यक्रमका प्रमुख अतिथि माथेमाले भाषा लोप हुनु भनेको संस्कृति हराउँदै जानु भएको उल्लेख गरे। उनले भाषा, संस्कृति र परम्पराले राष्ट्रको पहिचान र अस्तित्व निर्धारण गर्ने धारणा पनि राखे।

सोही अवसरमा गायिका भट्टराईले नेपाली भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा यो अभियान कोशेढुंगा साबित हुन सक्ने धारणा राखिन्। उनले बालबालिकालाई सानै उमेरदेखि नेपाली भाषा सिकाउन सके यसको प्रभाव दीर्घकालीन हुने बताइन्।

यसैगरी अभिनेत्री अधिकारीले 'पहिलो पाइला' एपको शुरुवातलाई परिवर्तनको महत्वपूर्ण क्षणको रूपमा व्याख्या गर्दै यसले नेपाली भाषा संरक्षण र प्रवर्द्धनका साथै विदेशमा रहेका नेपाली मूलका बालबालिकालाई आफ्नो सांस्कृतिक सम्पदासँग पुनः जोड्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन्।

काठमाडौंको ठमेलस्थित एक होटलमा भएको उक्त शुभारम्भ कार्यक्रममा नेपाल बालसाहित्य समाजका अध्यक्ष विजयराज आचार्य, समाजका पूर्वअध्यक्ष प्रमोद प्रधान, नयाँ विमर्शका सम्पादक कौशल कुमार भट्टराईलगायतको उपस्थिति थियो।



दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१




सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।
- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal Kumar Bhattarai, Editor : Krishna Lamsal Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com